सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ जेठ २०८२, बुधबार (4 June 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ५२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ भिजिट भिसा प्रकरण

०६४ यताका सबै गृहमन्त्रीको कार्यकाल छानबिन गर्न विपक्षीको प्रस्ताव, सत्तापक्षको इन्कार




संघीय संसद्को कार्यकक्षमा मंगलबार बसेको विपक्षी दलहरूको बैठक



● **हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी

यदि सरकार छानबिन समिति बनाउन तयार हुन्छ भने सरकारले नै कस्तो बनाउने, कसरी बनाउने, टिओआर के हुने भनेर भनोस् । राजनीतिक तहमा छलफल गरौं, हामी सदन चलाउन दिन्छौं भनेर प्रमुख सचेतकहरूको बैठकमा राख्यौं । उहाँहरूले स्वीकार गर्नुभएन । उहाँहरूले एकोहोरो रूपमा गृहमन्त्रीले बोल्न पाउनुपर्छ, बोलेपछि रोक्ने भए रोक्नुहोला, राख्ने भए राख्नुहोला भन्नुभयो ।



● **विराजभक्त श्रेष्ठ**
संसदीय दलका उपनेता, रास्वपा

यो एकदम ठुलो च्याकेट हो । यो मानव तस्करीका कारण अन्तर्राष्ट्रिय बेइज्जत भइसकेको छ । कर्मचारीको भिसा रद्द सामान्य विषय होइन । संगठित अपराध भएकाले लहरो तान्दा पहरो जाने कुरालाई छोड्नुभएन । हामीले आह्वान गर्दा नै ठगी भएका व्यक्तिहरूबाट १२ सयभन्दा बढी रसिदहरू प्राप्त भएका छन् । यो यतिमै सीमित छैन । त्यसैले यसलाई विस्तृत छानबिनमा लगेर गृहमन्त्रीले सहयोग गरिदिनुपर्‍यो । कस्तो छानबिन आयोग बनाउने भन्ने विषयमा सल्लाह गरौं ।



● **श्याम घिमिरे**
प्रमुख सचेतक, काग्रेस

उच्चस्तरीय छानबिन समिति गठन गर्ने विपक्षीको माग उचित छैन । संविधानसम्मत पनि छैन । किनभने संविधानबाटै स्वायत्तताप्राप्त निकाय अख्तियारले यो घटनामा छानबिन गरिरहेको छ । अख्तियारले छानबिन गरिरहेको अवस्थामा अर्को समिति बनाउनु गैरसंवैधानिक हुन्छ । त्यसैले, अख्तियारले नै छानबिनलाई पूर्णता दिन्छ । गृहमन्त्रीलाई बोल्न दिनुपर्छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागिरहेका विपक्षी दलहरूले ०६४ यताका सबै गृहमन्त्रीको कार्यकाल छानबिन गर्नुपर्ने प्रस्ताव राखेका छन् । विपक्षी माओवादी, रास्वपा, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र आमजनता पार्टीले उच्चस्तरीय समिति गठन गरेर श्रम ऐन, २०६४ लागू भएपछिका सबै गृहमन्त्रीको कार्यकाल छानबिनका लागि सरकार तयार भए लेखकको राजीनामाको मागबाट पछि हट्ने प्रस्ताव राखेका हुन् । अवरुद्ध संसद् खुलाउने प्रयासस्वरूप मंगलबार दिउँसो सभामुख देवराज घिमिरेले

» पृष्ठ २ मा क्रमशः

श्रम ऐन लागू भएयता १८ वर्षमा १५ गृहमन्त्री

■ कांग्रेस नेताहरू जो गृहमन्त्री बने


रमेश लेखक


बालकृष्ण खाण


विमलेन्द्र निधि


विजय गच्छदार


कृष्णप्रसाद सिटौला

माओवादी नेताहरू जो गृहमन्त्री बने


नारायणकाजी श्रेष्ठ


जनार्दन शर्मा


शक्तिबहादुर बस्नेत


कृष्णबहादुर महरा

एमाले नेताहरू जो गृहमन्त्री बने


रामबहादुर थापा बादल


खगराज अधिकारी


भीमबहादुर रावल


वामदेव गौतम

थापा एमाले र माओवादी मिलेर बनेको नेकपा रहेका बेला माओवादी कोटाबाट गृहमन्त्री बनेका थिए । उनी अहिले एमालेमा छन् । एमालेबाट गृहमन्त्री बनेकामध्ये गौतम र रावलले पार्टी छाडिसकेका छन् ।

रास्वपा र खिलराज रेग्मी सरकारका गृहमन्त्री


रवि लामिछाने


माधवप्रसाद घिमिरे

सिन्डिकेटका अगाडि सरकार लत्रेन मात्र
संघीयताको मर्म र नागरिक अधिकारको समेत हुर्मत लियो

हडताल गरेर नागरिकको अधिकार खोस्ने यायायात व्यवसायीको सिन्डिकेट तोड्नुपर्ने शक्तिशाली सरकारले उल्टै प्रदेशको अधिकारमाथि पनि धावा बोल्यो, लत्रियो गण्डकी सरकार

राइड सेयरिङलाई मान्यता दिने नियमावली ल्याएको गण्डकी प्रदेश सरकारले संघको दबाबपछि एक महिनाका लागि गर्‍यो स्थगित, यातायात व्यवसायीको आन्दोलन फिर्ता

■ गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे भन्छन्-

संघको हस्तक्षेप भन्नुस् वा समन्वय, जसरी बुझे पनि हुन्छ



संघीय सरकारबाट हामीकहाँ पत्र आयो । सोही पत्रपछि मन्त्रिपरिषद्को बैठक बस्यो । बैठकले नियमावली एक महिनाका लागि स्थगित गर्ने निर्णय गर्‍यो । यसलाई संघीय सरकारको हस्तक्षेप भनेर बुझे पनि हुन्छ । अथवा संघ र प्रदेशबिच सहमति, सहकार्य, समन्वय गरिएको भन्दा पनि हुन्छ । कार्यान्वयनमा आइसकेको नियमावली खारेज भएको होइन । एक महिनाका लागि स्थगित मात्रै भएको हो । यस अवधिमा हामी उहाँहरू (यातायात व्यवसायी)सँग वार्ता गर्छौं । उहाँहरूलाई सहमतिमा ल्याउने कोसिस गर्छौं । यति गर्नु राज्यको कर्तव्य पनि हो । किनकि राज्य त उनीहरूको पनि अभिभावक हो नि ! यसको बाबजुद पनि अवरोध भए नियमावली कार्यान्वयनमा जान्छ ।

टेकराज थामी/नयाँ पत्रिका

कुनै पनि प्रकारको सिन्डिकेट (एकाधिकार)लाई देशको संविधानले नै खारेज गरेको छ । यातायातजस्तो अत्यावश्यक सेवामा हडताल गर्न अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ ले नै वर्जित गरेको छ । तर, कानुनको धज्जी उडाउँदै हडताल गरेर नागरिकको अधिकार खोस्ने यातायात व्यवसायीको

» पृष्ठ २ मा क्रमशः

■ यात्रुको अधिकार हनन हुँदा सरकार मूकदर्शक



भारतको लुधियानाबाट मंगलबार बिहान धनगढी बसपार्क आइपुगेका डोटीको बोगटान-फुड्सिल गाउँपालिकाको पलाडीका दीपक बोगटीसहित सातजना साँझसम्म बस कुरिरहेका थिए । तस्बिर : **तेजराज भट्ट**

यो कानुन मात्र होइन, संविधानविपरीतकै गतिविधि हो



● **ज्योति बानियाँ**, अधिवक्ता तथा उपभोक्ता अभियन्ता

यातायात व्यवसायीले अत्यावश्यक सेवामा हडताल गरे । यो कानुन मात्र होइन, संविधानविपरीतकै गतिविधि हो । यस विषयमा सर्वोच्च अदालतले समेत अत्यावश्यक सेवामा हडताल नगर्न भन्दै आदेश जारी गरेको छ । यो अदालतको समेत मानहानि हो । हामी यस गतिविधिविरुद्ध अदालतमा जानेछौं ।

नयाँ पत्रिका

अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ मा यातायात सेवालाई अत्यावश्यक सेवामा राख्दै हडताल गर्न नपाउने व्यवस्था छ । तर, यातायात व्यवसायीले सिन्डिकेटका लागि गरेको हडतालसामु दुईतिहाइको सरकारले नागरिकको अधिकार नै बिर्सियो ।

मलेसियाबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल उत्रिएलगत्तै सप्तरीका बैधनाथ यादव कोटेश्वरतर्फ जान विमानस्थलस्थित गोल्डेन गेटअगाडिको प्रतीक्षालय पुगे । सुटकेस घिसार्दै अपराह्न ४ बजे प्रतीक्षालय पुगेका उनी सार्वजनिक गाडीमा कोटेश्वर जान खोजेका थिए । तर, धेरैबेरसम्म एउटै गाडी

» पृष्ठ २ मा क्रमशः

एमसिसी अनुदानले निरन्तरता पाउने 'ग्रिन सिग्नल'

अमेरिकाले माग्यो लागतसहित त्रैमासिक कार्ययोजना, त्यसपछि पैसा पठाउने 'प्रतिबद्धता'



एमसिसीबाट पाँच अर्ब ६८ करोड अनुदान आउने अनुमानसहित सरकारले परियोजनालाई विनियोजन गर्‍यो साढे आठ अर्ब बजेट

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अनुदान स्थगन कायमै रहेको अवस्थामा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) ले लागतसहितको त्रैमासिक कार्ययोजना मागेको छ । गत साता एमसिसीले इमेलमार्फत मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)सँग आगामी त्रैमास (जुलाई-सेप्टेम्बर) को कार्ययोजना मागेको हो । एमसिए स्रोतका अनुसार बजेटसहितको कार्ययोजना पठाएपछि भुक्तानी प्रक्रिया अगाडि बढाउने भनेर इमेल आएको छ । योसँगै एमसिसी अनुदानले निरन्तरता पाउने संकेत देखिएको छ ।

एमसिसीको पत्रपछि एमसिए नेपालले त्रैमासिक कार्ययोजना बनाउने कामसमेत सुरु गरिसकेको छ । छिट्टै उक्त कार्ययोजना अमेरिका पठाउने एमसिए नेपालले जनाएको छ । उता सरकारले एमसिसीबाट पाँच अर्ब ६८ करोड रुपैयाँ अनुदान आउने अनुमानसहित परियोजनालाई आगामी आर्थिक वर्षका लागि

» पृष्ठ २ मा क्रमशः



उकालो लाग्दै डेंगु संक्रमण


हालसम्म ७१ जिल्लामा संक्रमण फैलियो, छैन सरकारको पूर्वतयारी

डेंगु संक्रमण हुने देशमध्ये नेपाल २०औं स्थानमा

(विस्तृत पृष्ठ ३)

लगानी मोडेलमै अल्झियो राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत्

अब पिपिपी मोडेलमा बनाउने प्रस्ताव, ५० वर्षअघि पहिचान भएको परियोजना नीतिगत अस्थिरताको सिकार



(विस्तृत पृष्ठ ६)

■ जमुनाह नाकामा सुरक्षा जाँचपासमा खेलाँची

लगेज स्क्यानर सात वर्षदेखि बिग्रिएर थन्किंयो, छामछुम गरेर जाँचपास

नेपालगन्जमा **विश्वराज पछ्लडङ्गया**

फितलो सुरक्षाको फाइदा उठाउँदै भन्सार नाकाबाट हातहतियार, लागुऔषधजस्ता अवैध सरसामान ओसारपसार हुन सक्ने जोखिम उच्च हुन्छ । तर, नेपालगन्जको जमुनाह भन्सार नाकाको 'लगेज स्क्यानर मेसिन' सात वर्षदेखि बिग्रिएर थन्किँदा छामछुम पारेर सरसामान जाँचपास गर्ने गरिएको छ । हातहतियार, लागुऔषधजस्ता वस्तु छामेर पत्ता लगाउन सकिँदैन ।

नौ वर्षअघि एक करोडमा स्क्यानर किनिएको थियो । तर, सञ्चालनमा आएको दुई वर्षमै बिग्रिएपछि मर्मत हुन नसकेको भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले बताए ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



सात वर्षदेखि बिग्रिएर जमुनाह भन्सार कार्यालयको यात्रु शाखामा थन्क्याइएको स्क्यानर

मर्मतमा ४०-५० लाख लाग्ने भएपछि थन्क्याउनुको विकल्प भएन

● **जनार्दन पौडेल**, प्रमुख भन्सार अधिकृत, बाँके



नौ वर्षअघि एक करोडमा स्क्यानर किनिएको थियो । तर, सञ्चालनमा आएको दुई वर्षमै बिग्रिएपछि मर्मत हुन सकेको छैन । हातहतियार, लागुऔषध र अन्य वस्तु छामेर पत्ता लगाउन सकिँदैन । स्क्यानर मेसिन भएको भए सबै वस्तु छर्लंग हेर्न र देख्न सकिन्थ्यो । छामेर जाँचपास गर्न सुरक्षाकर्मीलाई समस्या छ । मर्मतका लागि वितरक कम्पनीलाई भनेका थियौं । ४०-५० लाख लाग्ने भएपछि थन्क्याएर राख्नुको विकल्प भएन ।

छामेर त कुन सामान हो भन्ने पत्ता लगाउन मुस्किल पर्छ

● **इन्स्पेक्टर उपेन्द्रबहादुर बुढाथोकी**, इन्चार्ज, इप्रका जमुनाह



मेसिन भएको भए छिटोछरितो र प्रभावकारी हुन्थ्यो । के सामान ल्याएको छ भन्ने मेसिनमा स्पष्ट देखिन्थ्यो । छामेर त कुन सामान हो भन्ने पत्ता लगाउन मुस्किल पर्छ । झन्झटिलो पनि उत्तिकै छ ।

■ दलित परिवारले प्रयोग गर्दै आएको बाटो छेकेर मन्दिरको पर्खाल निर्माण

अदालतले निर्माण रोक्न अन्तरिम आदेश दिँदा पनि अटेरी



सोमबार अदालतले जारी गरेको आदेश गाउँपालिका र वडा कार्यालयको इमेलमा पठाइएको भन्ने थाहा पाएँ । तर, मंगलबार पनि पर्खाल निर्माणको काम भएको छ ।

● **बुधराम महरा**
रिट निवेदनकर्ता

लहानमा **मणिलाल विश्वकर्मा**

अदालतले सिराहाको विष्णुपुर गाउँपालिका- ४ थलह कटाहामा बाटो बन्द हुने गरी दुर्गा मन्दिरको कम्पाउन्ड वाल निर्माण नगर्न अन्तरिम आदेश जारी गरे पनि निर्माणको काम रोकिएको छैन । उच्च अदालत जनकपुर, राजविराज इजलासका न्यायाधीश माधव धितालको सोमबारको

» पृष्ठ २ मा क्रमशः

एमसिसी...

पृष्ठ १ बाट क्रमशः

साढे आठ अर्ब विनियोजन गरेको छ।

'अनुदान स्थगन फुकुवा गर्ने कि बन्द गर्ने भनेर आधिकारिक सूचना त आइसकेको छैन। तर, एमसिसीले इमेलमार्फत त्रैमासिक कार्ययोजना मागेको छ। कार्यक्रम के-के छन् ? त्यसका लागि कति बजेट चाहिन्छ ? बजेटसहितको कार्ययोजना पठाउनुस्, भुक्तानीको प्रक्रिया अघि बढाउँछौं भनेको छ,' स्रोतले भन्यो, 'अहिले एमसिए नेपालले त्रैमासिक कार्ययोजना बनाएर पठाउने तयारी गरिरहेको छ। एमसिसीका पछिल्ला यस्ता गतिविधिले अनुदान पनि निरन्तर हुने ग्रिन सिग्नल देखिएको छ।'

गत २० जनवरीमा डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको पदभार ग्रहण गरेलगत्तै सबै सहायता ९० दिनका लागि स्थगित गर्ने गरी कार्यकारी आदेश जारी गरेका थिए। त्यसलगत्तै, नेपाल आउने अमेरिकी सहायता स्थगित भएको थियो। यद्यपि, एमसिसी अनुदान भने निरन्तर थियो। तर, २ फागुन (१४ फेब्रुअरी)मा एमसिसीले इमेलमार्फत २० जनवरीको कार्यकारी ओदशअनुसार अनुदान स्थगित गरिएको जानकारी दिएको थियो। त्यसपछि २८ अप्रिलमा अनुदान निरन्तर गर्ने वा बन्द गर्ने भन्ने विषयमा एमसिसीले निर्णय दिने भनेको थियो। त्यो समयमा एससिसीबाट यसबारे निर्णय आएन। पछिल्लोपटक १९ मेमा एमसिसीले यसबारे निर्णय दिने भने पनि हालसम्म कुनै जानकारी आइसकेको छैन। यही अवस्थामा एमसिसीले आवश्यक बजेटसमेत उपलब्ध गराउने भन्दै त्रैमासिक कार्ययोजना मागेको स्रोतको भनाइ छ। यसले अनुदान निरन्तर हुनेमा संकेत मिलेको स्रोतले बतायो।

अनुदान स्थगन भएकै अवस्थामा एमसिसीले गत मार्च तेस्रो साता (चैत पहिलो साता) खरिद र कार्यालय सञ्चालनसम्बन्धी कार्यहरू गर्न एमसिए नेपाललाई अनुमति दिएको थियो। स्रोतका अनुसार त्यसवेला एमसिसीले रकमसमेत पठाएको थियो। अहिले एमसिसीले आवश्यक रकमसमेत दिने भन्दै त्रैमासिक कार्ययोजना माग्नु सकारात्मक संकेत रहेको स्रोतको भनाइ छ।

एमसिसी अनुदानअन्तर्गत ४०० केभी क्षमताका ३१५ किमि लामा चार प्रसारण लाइन, ४०० केभी क्षमताका तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ४० किमि सडक खण्ड र मुग्लिन-नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गर्दै छ। त्यसमा तीन सबस्टेसन र न्यू बुटवल-नेपाल भारत सीमापार प्रसारण लाइन निर्माणका लागि ठेक्का सम्झौता नै भइसकेको छ। बाँकी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको ४० किमि मर्मतको ठेक्काका लागि पनि खरिद प्रक्रिया अघि बढिसकेको छ।

के-के भएको छ काम ?

एमसिसी परियोजनाअन्तर्गत हालसम्म एक प्रसारण लाइन र तीन सबस्टेसन निर्माणका लागि ठेक्का सम्झौता भइसकेको छ। 'न्यू बुटवल-नेपाल-भारत सीमा' प्रसारण लाइन निर्माणका लागि १४ भदौ ०८१ मा एक करोड २३ लाख ६० हजार डलरमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो। त्यस्तै, भारतकै टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङसँग रातमाटे सबस्टेसन पाँच करोड १५ लाख डलरमा र नयाँ दमौली सबस्टेसन तीन करोड ८८ लाख ९० हजार डलरमा बनाउने गरी सम्झौता भएको छ। त्यस्तै, नयाँ बुटवल सबस्टेसन बनाउन तीन करोड ५५ लाख १० हजार डलरमा लिंकसन इन्डिया प्रालिसँग सम्झौता भएको छ। अहिले त्यसको निर्माण प्रक्रिया अघि बढिसकेको छ। हाल ४० किमि लामो धानखोला-लमही खण्डको मर्मत गर्न र बाँकी २९७ किमिका तीन प्रसारण लाइन बनाउन ठेकेदार कम्पनी छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ।

यीसहित परामर्श सेवा तथा नियमित कार्यहरूलाई समावेश गरेर कार्ययोजना पेस गर्ने एमसिए नेपालको तयारी छ।

अमेरिकाले अन्य मुलुकलाई एमसिसी अनुदान बन्द गरे पनि नेपाल, मंगोलिया, सेनेगल र आइभरी कोस्टलाई भने निरन्तरता दिने तयारी गरेको भन्दै रोयटर्समा २४ अप्रिलमा समाचार प्रकाशित भएको थियो।

परियोजनालाई एमसिसीबाट ५.६८ अर्ब आउने अनुमान

अमेरिकाले अनुदान रोके पनि सरकारले एमसिसीअन्तर्गतका परियोजनालाई निरन्तरता दिने नीतिअनुसार एमसिए नेपाललाई आगामी आवका लागि साढे आठ अर्ब ४६ करोड ७१ लाख बजेट छुट्याएको छ। जसमा दुई अर्ब ७७ करोड ८४ लाख सरकारले नै दिनेछ। गत साता अमेरिकाले पठाएको पत्रको संकेतअनुसार एमसिसीबाट पाँच अर्ब ६८ करोड ८७ लाख रुपैयाँ अनुदान आउने भन्दै बजेटको स्रोत पुस्तिकामै उल्लेख गरेको छ। तर, एमसिसीले अनुदान कटौती गरे यसअन्तर्गत बजेट कार्यान्वयन तथा व्यवस्थापनमा समस्या आउने देखिन्छ। अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले भने एमसिसीको इमेलबारे जानकारी नभएकाले, बुझेर मात्रै प्रक्रिया दिन सक्ने बताए।

०६४ यताका...

पृष्ठ १ बाट क्रमशः

राखेको छलफलमा विपक्षीले राखेको उक्त प्रस्तावलाई कांग्रेस र एमालेले भने ठाडै इन्कार गरेका छन्।

श्रम ऐन लागू भएयता हालसम्म १५ गृहमन्त्री बनेका छन्। कतिपय कार्यकाल दोहोर्‍याएर भएका छन्। यस अवधिमा सबैभन्दा धेरै कांग्रेसबाट पाँच गृहमन्त्री बनेका छन्। कांग्रेसबाट कृष्णप्रसाद सिटौला, विजय गच्छदार, विमलेन्द्र निधि, बालकृष्ण खाण र रमेश लेखक गृहमन्त्री बनेका छन्। माओवादीबाट कृष्णबहादुर महरा, नारायणकाजी श्रेष्ठ (दुई कार्यकाल), शक्तिबहादुर बस्नेत र जनार्दन शर्मा। त्यस्तै, एमालेबाट रामबहादुर थापा बादल, वामदेव गौतम (दुई कार्यकाल), भीम रावल र खगराज अधिकारी गृहमन्त्री बनेकामा अहिले गौतम र रावलले पार्टी छाडिसकेका छन्। थापा एमाले र माओवादी मिलेर बनेको नेकपा रहेका वेला माओवादी कोटाबाट गृहमन्त्री बनेका थिए। उनी अहिले एमालेमा छन्। ०७० को दोस्रो संविधानसभा निर्वाचनका लागि बनेको अन्तरिम मन्त्रिपरिषद्मा गृहमन्त्री माधवप्रसाद घिमिरे थिए। उनको दुर्घटनामा निधन भइसकेको छ। त्यस्तै, रास्वपा सभापति रवि लामिछाने (दुई कार्यकाल) गृहमन्त्री बनेका छन्। उनी सहकारी ठगी मुद्दामा हाल कारागारमा छन्।

सभामुख घिमिरेले दुवै पक्षलाई डाकेको छलफलमा विपक्षीहरूका तर्फबाट माओवादी प्रमुख सचेतक हितराज पाण्डेले ०६४ यताका सबै गृहमन्त्रीको कार्यकाल छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने प्रस्ताव राखेका थिए। यसमा प्रतिबद्धता जनाए सदनको अवरोध हटाई गृहमन्त्रीलाई बोल्न दिने निर्णय गरेर विपक्षी दलहरू छलफलमा पुगेका थिए। समिति गठन भए गृहमन्त्री लेखकले आफूमाथि हुने अनुसन्धानका लागि स्वतः पद छाड्नुपर्ने आकलनसहित विपक्षीले यो रणनीति अघि सारेका थिए। तर, सत्तारूढ कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले भिजिट भिसा प्रकरणमा अख्तियारले छानबिन गरिरहेकाले अर्को समिति बनाउनु गैरसंवैधानिक हुने भन्दै इन्कार गरेका थिए। एमाले मुख्य सचेतक महेश बर्तौलाले पनि संवैधानिक निकाय अख्तियारले छानबिन गरिरहेको अवस्थामा अर्को छानबिन गर्नु जायज नहुने तर्क गरेका थिए। तर, विपक्षीले भने अख्तियारले कर्मचारीमाथि मात्रै छानबिन गरिरहेकाले भिजिट भिसामार्फत मानव तस्करीको आमप्रवृत्ति हेर्न र नागरिकले भोग्नुपरेको समस्या समाधान गर्न उच्चस्तरीय समिति आवश्यक रहेको अडान दोहोर्‍याएको थियो।

'यदि सरकार छानबिन समिति बनाउन तयार हुन्छ भने सरकारले नै कस्तो बनाउने, कसरी बनाउने, टिओआर के हुने भनेर भनोस्। राजनीतिक तहमा छलफल गरौं, हामी सदन चलाउन दिन्छौं भनेर प्रमुख सचेतकहरूको बैठकमा राख्यौं,' माओवादी प्रमुख सचेतक पाण्डेले भने, 'उहाँहरूले स्वीकार गर्नुभएन। उहाँहरूको एकोहोरो रूपमा गृहमन्त्रीले बोल्न पाउनुपर्छ, बोलेपछि रोक्ने भए रोक्नुहोला, राख्ने भए राख्नुहोला भन्नुभयो।' आफूहरूको अडान यथावत् रहेको पनि पाण्डेले बताए।

रास्वपा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले पनि विस्तृत छानबिनका लागि समिति बन्नुपर्ने र त्यसपछि सदनको अवरोध अन्त्य हुने बताए। 'यो एकदम ठुलो र्‍याकेट हो। यो मानव तस्करीका कारण अन्तर्राष्ट्रिय बेइज्जत भइसकेको छ। कर्मचारीको भिसा रद्द सामान्य विषय होइन। संगठित अपराध भएकाले लहरो तान्दा पहरो जाने कुरालाई छोड्नुभएन। हामीले आह्वान गर्दा नै ठगी भएका व्यक्तिहरूबाट १२ सयभन्दा बढी रसिदहरू प्राप्त भएका छन्। यो यतिमै सीमित छैन। त्यसैले यसलाई विस्तृत छानबिनमा लगेर गृहमन्त्रीले सहयोग गरिदिनुपर्‍यो,' उनले भने, 'कस्तो छानबिन आयोग बनाउने भन्ने विषयमा सल्लाह गरौं।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले सरकार छानबिन समिति बनाउन तयार नभएकाले सदन चल्न नसकेको बताए। 'भिजिट भिसामार्फत मानव तस्करीजस्तो अपराधपूर्ण घटनाको छानबिन नभएसम्म गृहमन्त्री बदलिँदैमा केही हुँदैन। यो छानबिन गर्न सरकार तयार हुन्छ भने गृहमन्त्रीलाई बोल्न दिन्छौं भन्यौं। सरकार छानबिन गर्न तयार भएन,' उनले भने।

तर, सत्तारूढ कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले विपक्षीको माग गैरसंवैधानिक भएको भन्दै गृहमन्त्रीले बोल्न पाउनुपर्ने बताए। छलफलपछि उनले भने, 'उच्चस्तरीय छानबिन समिति गठन गर्ने विपक्षीको माग उचित छैन। संविधानसम्मत पनि छैन। किनभने संविधानबाटै स्वायत्तताप्राप्त निकाय अख्तियारले यो घटनामा छानबिन गरिरहेको छ। अख्तियारले छानबिन गरिरहेको अवस्थामा अर्को समिति बनाउनु गैरसंवैधानिक हुन्छ। त्यसैले, अख्तियारले नै छानबिनलाई पूर्णता दिन्छ। गृहमन्त्रीलाई बोल्न दिनुपर्छ।'

सभामुख घिमिरेले राखेको छलफलमा राख्नुअघि विपक्षी र सत्तापक्ष दुवै बेग्लाबेग्लै छलफलमा जुटेका थिए। आ-आफ्ना बैठकमा गरको निर्णय लिएर दुवै पक्ष सभामुखले राखेको छलफलमा सहभागी भएका थिए। सभामुखले सहमति खोजेर गृहमन्त्रीलाई सदनमा बोल्ने वातावरण निर्माण गर्न आग्रह गरेका थिए। तर, सहमति नजुटेपछि मंगलबार संसद् बैठक नै बस्न सकेन। सूचना टाँसेर बुधबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरियो।

संसद् स्थगितपछि कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि भिजिट भिसा प्रकरणको छानबिन अख्तियारलाई नै दिनुपर्ने बताए। 'अख्तियारले अनुसन्धान गरिरहेको छ, उसैलाई गर्न दिऊँ। जो व्यक्तिमाथि उजुरी परेको छ, गहिरो अनुसन्धान गरिनुपर्‍यो। अनुसन्धान गर्नेक्रममा लहरो तान्दा पहरो जान्छ भन्ने जुन छ नि, यदि त्यो हो रहेछ भने वर्तमान गृहमन्त्रीजी, त्योभन्दा अगाडिका मन्त्रीहरू पर्नुहुन्छ भने पनि र प्रधानमन्त्रीसम्म पुग्छ भने पनि कानुनको जे दायरा हो त्यो दायरामा सबै आउनुपर्छ,' उनले भने। संसदीय छानबिन समिति गठनको माग राखेका विपक्षीसँग प्रधानमन्त्रीले गम्भीर भएर थप संवाद गर्नुपर्ने र सदन खुलाउनुपर्ने उनको भनाइ छ।

संघीयताको...

पृष्ठ १ बाट क्रमशः

सिन्डिकेट तोड्नुपर्नेमा झन्डै दुईतिहाइको शक्तिशाली सरकारले उल्टै प्रदेशको अधिकारमाथि पनि धावा बोलेको छ। राइड सेयरिङलाई मान्यता दिने नियमावली ल्याएको गण्डकी प्रदेश सरकारले संघको दबाबपछि एक महिनाका लागि नियमावली कार्यान्वयन स्थगित गरेको छ।

गण्डकी सरकारले हालै मात्र राइड सेयरिङ (पठाओ, इनड्राइभलगायत उपलब्ध हुने दुईपांग्रे र चारपांग्रे सवारीसाधनमा शुल्कसहितको यातायात सुविधा) नियमावली, २०८२ (नियमन र व्यवस्थापन) कार्यान्वयनमा ल्याएको थियो। तर, यातायातमा सिन्डिकेट लाद्दै आएका यातायात व्यवसायीले यसको विरुद्धमा १६ जेठदेखि गण्डकी प्रदेशमा यातायात हडताल थाले। गत सोमबारदेखि हडताललाई देशभर फैलाए। तर, आन्दोलित यातायात व्यवसायीलाई कानुनी दायरामा ल्याउनुपर्ने शक्तिशाली सरकार नै उनीहरूसामु लत्रियो। यातायात राष्ट्रिय महासंघसँग ६ बुँदे सहमति गर्दै नियमावली स्थगित गर्न गण्डकी सरकारलाई पत्र पठाउने निर्णय लियो। जबकि अहिलेका प्रधानमन्त्री केपी ओलीकै नेतृत्वमा रहेको तत्कालीन सरकारले ४ वैशाख ०७५ मा सार्वजनिक यातायातमा सिन्डिकेट अन्त्य भएको घोषणा गरेको थियो।

संघ सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट पठाएको पत्र पाएलगत्तै मंगलबार गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्रिपरिषद् बैठक राखेर नियमावली एक महिनाका लागि स्थगित राख्ने निर्णय गराएका छन्। पाण्डेले नियमावली स्थगनको निर्णयलाई संघ सरकारको हस्तक्षेप वा सहकार्य, जुन रूपमा बुझ्दा पनि हुने बताए।

'संघीय सरकारबाट हामीकहाँ पत्र आयो। सोही पत्रपछि मन्त्रिपरिषद्को बैठक बस्यो। बैठकले नियमावली एक महिनाका लागि स्थगित गर्ने निर्णय गर्‍यो। यसलाई संघीय सरकारको हस्तक्षेप भनेर बुझे पनि हुन्छ। अथवा संघ र प्रदेशबिच सहमति, सहकार्य, समन्वय गरिएको भन्दा पनि हुन्छ,' उनले भने।

संविधानको अनुसूची ५ मा 'राष्ट्रिय यातायात नीति' बनाउने अधिकार संघ सरकारमा रहने उल्लेख भए पनि अनुसूची ६ मा प्रदेशको सीमाभित्रको यातायातसम्बन्धी कानुन, नियम, नीति बनाउने अधिकार प्रदेश सरकारलाई हुने स्पष्ट छ। तर, गण्डकी प्रदेशले संविधानले दिएको अधिकार प्रयोग गरेर नियमावली बनाउँदा संघ सरकारले अंकुश लगायो। प्रदेश सरकारको अधिकारमाथि संघ सरकारले मात्रै हुर्मत लिएन, यातायात व्यवसायीले त्यसअघि नै अटेरी गरे। उनीहरूले आन्दोलन थालेलगत्तै गण्डकी सरकारले वार्ताका लागि आह्वान गरेको थियो। तर, यातायात व्यवसायीले नियमावली खारेज नगरेसम्म वार्तामै नबस्ने भन्दै प्रदेश सरकारलाई नै चुनौती दिए। त्यसरी प्रदेशलाई चुनौती दिएर सिंहदरबार छिरेका यातायात व्यवसायीलाई संघ सरकारले प्रदेशको अधिकार पढाएन, प्रदेशको 'हुर्मत' लिने लिखितम गरेर पठायो।

मुख्यमन्त्री पाण्डे कार्यान्वयनमा आइसकेको नियमावली खारेज गरेको नभई एक महिनाका लागि स्थगित भएकाले यसबिचमा यातायात व्यवसायीसँग वार्ता गर्ने, सहमतिको प्रयास गर्ने र त्यसपछि कार्यान्वयनमा ल्याउने बताउँछन्। 'कार्यान्वयनमा आइसकेको नियमावली खारेज भएको होइन। एक महिनाका लागि स्थगित मात्रै भएको हो। यस अवधिमा हामी उहाँहरू (यातायात व्यवसायी)सँग वार्ता गर्छौं। उहाँहरूलाई सहमतिमा ल्याउने कोसिस गर्छौं। यति गर्नु राज्यको कर्तव्य पनि हो। किनकि राज्य त उनीहरूको पनि अभिभावक हो नि ! यसको बाबजुद पनि अवरोध भए नियमावली कार्यान्वयनमा जान्छ,' उनले भने।

यातायात व्यवसायीले हडताल गरेर सेवाको कृत्रिम अभाव मात्रै सिर्जना गरेनन्, यातायात क्षेत्रमा रातो नम्बर प्लेटको सवारीसाधनलाई प्रवेश गर्न नदिएर एकाधिकार कायम गर्न खोजे। जबकि नेपालको संविधान २०७२ को धारा ५१ को घ (७) मा कसैले पनि अर्थतन्त्रलाई असर पर्ने गरी कालोबजारी, एकाधिकार, कृत्रिम अभावलगायत गतिविधि गर्न नपाउने उल्लेख छ। उक्त धारामा भनिएको छ, 'कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ।'

त्यस्तै, अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ मा यातायात सेवालाई अत्यावश्यक सेवामा राख्दै हडताल गर्न नपाउने व्यवस्था गरिएको छ। ऐनको दफा २ (क)मा भनिएको छ, 'आवश्यक सेवा भन्नाले निम्नलिखित सेवा सम्झनुपर्छ। डाँक तार वा टेलिफोन सेवा। जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामानहरू ओसारपसार गर्ने यातायात सेवा आदि।' ऐनका दफा ३ मा अत्यावश्यक सेवामा हडताल गर्न नपाउने उल्लेख छ। यदि हडताल गरे ६ महिना कैद र दुई सय रुपैयाँ जरिवाना हुने व्यवस्था छ। यस्तो कारबाही प्रदेश सरकारले समेत गर्न सक्नेछ।

सर्वोच्चलगायत अदालतले समेत यातायातको कार्टेलिङ, सिन्डिकेटजस्ता क्रियाकलाप खारेज गर्न यसअघि नै पटक-पटक आदेश जारी गरिसकेको छ। सर्वोच्चले राइड सेयरिङलाई बन्द नगर्न पनि आदेश गरेको छ। राइड सेयरिङ सुरु भएपछि 'निजी प्रयोगको लागि दर्ता भएका सवारीसाधनले यातायात सेवा गर्न पाउनेछैन' भनी उल्लेख गरिएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा २ मा टेकेर यातायात व्यवसायी उच्च अदालत पाटन पुगेका थिए। उच्चले २९ फागुन ०७६ मा तत्काल राइड सेयरिङ सेवालाई नरोक्न र आवश्यक कानुन बनाएर सञ्चालन गर्न दिन निर्देशनात्मक आदेश जारी गरेको थियो। यातायात व्यवसायी फेरि पठाओ बन्द गर्न भन्दै सर्वोच्च अदालतमा अर्को रिट लिएर पुगे। सर्वोच्चले पनि २८ माघ ०७५ मा पठाओ वा राइड सेयरिङलाई बन्द नगर्न, तत्काल कानुनी प्रबन्ध गर्न भन्दै निर्देशात्मक आदेश जारी गर्‍यो। त्यस्तै, सर्वोच्चले नै ३ भदौ ०७८ मा पे बाइक सेवालाई नरोक्न अर्को आदेश जारी गर्‍यो। उल्लेखित अदालतका फैसला तथा निर्देशनात्मक आदेशहरू कार्यान्वयन गर्न भन्दै यातायात व्यवस्था विभागमातहतका कार्यालयहरूमा सूचना तथा पत्राचारसमेत गर्‍यो। भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले २० फागुन ०८१ मा सातै प्रदेशका यातायातमन्त्रीलाई सँगै राखेर आवश्यक कानुन बनाई राइड सेयरिङलाई व्यवस्थापन गर्ने निर्णय पनि गर्‍यो। सोही आधारमा गण्डकी प्रदेश सरकारले नियमावली बनाएको थियो। तर, यी सबै वैधानिकताविरुद्ध सिन्डिकेटको पक्षमा संघ सरकार उभिएको छ।

यात्रुको अधिकार...

पृष्ठ १ बाट क्रमशः

नआएपछि उनी ट्याक्सीसँग मोलमोलाइ गर्न बाध्य भए। ट्याक्सीले चर्को भाडा भन्यो। तर, उनीसँग समय थिएन, किनभने सप्तरी जाने बस ६ बजे कोटेश्वरबाट छुट्दै थियो। बसको टिकट अघिल्लो दिन नै आफन्तले काटिदिएका थिए। उनी ट्याक्सीलाई चर्को भाडा तिर्न बाध्य भए।

'मलेसियाबाट आउँदै छु, यहाँ आएर गाडी कुरेको डेढ घण्टाजति भइसक्यो, तर कोटेश्वरसम्म पुग्न पनि गाडी पाइएन,' ५:३० तिर विमानस्थलअगाडि प्रतीक्षालयमा भेटिएका उनले भने, 'ट्याक्सीले महँगो भाडा भन्यो, के गर्ने गाडी छुट्छ जानैपर्‍यो।'

मलेसियाबाटै आएका सुनसरीका खुर्सिद सिद्दिकी पनि अपराह्न ३:३० मा विमानस्थलअगाडिकै प्रतीक्षालयमा भेटिए। उनलाई कलंकीस्थित आफन्तकहाँ पुग्नु थियो। उनी पनि ट्याक्सीले चर्को भाडा मागेपछि त्यहीँ अलमलिएका थिए। 'सार्वजनिक बस चलेको भए त चक्रपथ हुँदै कलंकी जान सजिलै थियो। तर, बस चलेको रहेनछ। हिँडेर जान पनि साथमा दुइटा सुटकेस छन्,' उनले भने, 'फाट्टफुट्ट भेटिएका ट्याक्सीले चर्को भाडा भनेर अप्ठ्यारो परेको छ।'

गोंगबुस्थित नयाँ बसपार्क क्षेत्रमा पनि यात्रुहरू अलपत्र थिए। गाडी गन्तव्यमा जाने निश्चित नहुँदा केही यात्रु बसपार्ककै प्रतीक्षालयका कुर्सीमा निदाइरहेका थिए, कोही टिकट काउन्टर परिसरभित्र भुइँमै पल्टिरहेका थिए। योभन्दा फरक थिएन, जडीबुटीस्थित बसपार्कको। दुई दिनदेखि गतव्यमा पुग्न नसकेका यात्रु बसपार्कस्थित प्रतीक्षालयमै ओछ्यान लगाएर सुतिरहेका देखिन्थे। यातायात व्यवसायीको हडतालबाट लामो दूरीका यात्रुले मात्रै होइन, उद्योग कलकारखानामा काम गर्ने मजदुरले समेत सास्ती भोग्नुपर्‍यो। विद्यार्थीले पीडा खेप्नुपर्‍यो।



गाडी गुड्ने प्रतीक्षामा मंगलबार दिनभर गोंगबु बसपार्कमा यात्रु। तस्बिर : **दिपेन्द्र ढुंगाना**

हडतालको अवज्ञा गरेको भन्दै आन्दोलनरत यातायात व्यवसायीले सञ्चालनमा रहेका केही सवारीसाधनमाथि नै तोडफोड गरे। काठमाडौंको जडीबुटीस्थित सडकमा उनीहरूले मंगलबार मयूर यातायातको बस तोडफोडको प्रयास गरे। एउटा सुमोमा तोडफोड गरे।

अधिवक्ता तथा उपभोक्ता अभियन्ता ज्योति बानियाँ यातायात व्यवसायीले गरेको हडताल कानुन मात्र नभई संविधानको समेत बर्खिलाप रहेको बताउँछन्। उनले भने, 'यातायात व्यवसायीले अत्यावश्यक सेवामा हडताल गरे। यो कानुन मात्र होइन, संविधानविपरीतकै गतिविधि हो। यस विषयमा सर्वोच्च अदालतले समेत अत्यावश्यक सेवामा हडताल नगर्न भन्दै आदेश जारी गरेको छ। यो अदालतको समेत मानहानि हो। हामी यस गतिविधिविरुद्ध अदालतमा जानेछौं,' उनले भने।

यातायात हडताल फिर्ता

नियमावली स्थगित भएको निर्णयपछि यातायात व्यवसायीले आह्वान गरेको सबै खालका आन्दोलन पनि फिर्ता भएको सार्वजनिक यातायात केन्द्रीय महासंघका सहअध्यक्ष तथा आन्दोलन परिचालन समितिका सदस्यसचिव किरण रिजालले बताए। 'राइड सेयरिङसम्बन्धी नियमावली स्थगित भयो। योसँगै हाम्रो आन्दोलन पनि स्थगित भएको छ। अब वार्तामा बस्ने र समस्याको गाँठो फुकाउने काम हुन्छ,' उनले भने।

नबिल बैंक लिमिटेड नेपालगन्ज (धम्बोजी चोक) शाखा, बाँकेको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०२/२१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, बाँके, नेपालगन्जमा मिति : २०६६/०३/१० मा प्रा.फा.र.नं. १८१४४/०६५/६६ अन्तर्गत दर्ता भएको **सलिम फ्रेस हाउस एण्ड मिट सप्लायर्स।**
ठेगाना : बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. ०१, धम्बोजी।
ऋणी फर्मका प्रोप्राइटरः
मोहम्मद सफी कुरेसी को नाती, कल्लु कुरेसीको छोरा, बाँके जिल्ला, नेपालगन्ज न. पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६६३०१९/७३ (जारी मितिः २०६३/१०/०५, स्थान बाँके) भएको **सलीम कुरेसी।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

मौला कुरेसीको नाती, मो.सफी कुरेसीको छोरा बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ६६३०१९/७५ (जारी मितिः २०६३/१०/०५, स्थानः बाँके) भएका **कल्लु कुरेसी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १ बस्ने, **सलीम कुरेसी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं.२ नक्सा सिट नं. ०३५१४१०१८ मा अवस्थित कि.नं. ५० क्षेत्रफल ५७.६० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०२/२१ गते

मिथिला नगरपालिकाद्वारा उल्लेखित मालसमानको लागि दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०१/२६ गते नागरिक राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टलमा प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम प्राप्त हुन आएका प्रस्तावदाताहरू बाट तपशिल बमोजिमको प्रस्तावदाता को बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशन गरिएको छ।

क्र.सं.	बोलपत्र नं.	मालसमानको विवरण	छनौट भएको प्रस्तावदाता को नाम र ठेगाना	कबोल रकम रु. (मू.अ.कर सहित)	कैफियत
1	MM/SQ/Goods/05/2081/82	Procurement of ol dhune machine(model 380 high pressure cold cleaner)	Krishi ghar Pvt. Ltd., Mithila Municipality-06, Dhalkewar, dhanusha	15,85,252.14	

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकिय अधिकृत

लगेज स्क्यानर...

पृष्ठ १ बाट क्रमशः

'हातहतियार, लागुऔषध र अन्य वस्तु छामेर पत्ता लगाउन सकिँदैन। स्क्यानर मेसिन भएको भए सबै वस्तु छर्लङ्ग हेर्न र देख्न सकिन्थ्यो,' उनले भने, 'छामेर जाँचपास गर्न सुरक्षाकर्मीलाई समस्या छ।' बिग्रिएको स्क्यानर मेसिन भन्सार कार्यालयको यात्रु शाखामा छ। मर्मत गर्न महँगो पर्ने भएकाले थन्क्याएर राखिएको पौडेलले बताए। 'मर्मतका लागि वितरक कम्पनीलाई भनेका थियौं। ४०-५० लाख लाग्ने भएपछि थन्क्याएर राख्नुको विकल्प भएन,' उनले भने।

अन्तर्राष्ट्रिय सीमानाकाको संवेदनशीलतालाई बुझेर भन्सार परीक्षणलाई पारदर्शी, सरल तथा सहज बनाउन भन्सार विभागले ०७४ मा नेपालगन्ज भन्सार कार्यालयलाई 'लगेज स्क्यानर' मेसिन खरिद गरी पठाएको थियो। दैनिक हजारौंको संख्यामा सर्वसाधारण यात्रु नेपालबाट भारततर्फ र भारतबाट नेपालतर्फ पैदल आउजाउ गर्ने उक्त नाकामा मेसिन बिग्रँदा भन्सार कर्मचारी र सुरक्षाकर्मीले सामान हातैले छामछुम पार्दै जाँच गर्दै आएको पौडेलले बताए। 'बिग्रेको स्क्यानर मेसिनलाई मर्मत सम्भार गर्न धेरै बजेट लाग्ने भएकाले नयाँ स्क्यानर मेसिन खरिद र यात्रु कक्षलाई सुधारका लागि भन्सार विभागलाई जानकारी गराइएको छ,' उनले भने।

नेपालतर्फ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोलीले छामछुम गरी छुट्टाछुट्टै जाँचपास गर्छन्। लगेज स्क्यानर मेसिन नहुँदा यात्रुको झोला जाँचपासमा समस्या भएको इलाका प्रहरी कार्यालय जमुनाहका इन्चार्ज इन्स्पेक्टर उपेन्द्रबहादुर बुढाथोकीले बताए। उनले स्क्यानर मेसिन मर्मत नहुँदा छामेर जाँचपास गर्दै आएको बताए। 'मेसिन भएको भए छिटोछरितो र प्रभावकारी हुन्थ्यो। के सामान ल्याएको छ भन्ने मेसिनमा स्पष्ट देखिन्थ्यो,' उनले भने, 'छामेर त कुन सामान हो भन्ने पत्ता लगाउन मुस्किल पर्छ। झन्झटिलो पनि उत्तिकै छ।'

अदालतले...

पृष्ठ १ बाट क्रमशः

इजलासले निवेदकको मञ्जुरीबेगर आवतजावत गर्ने बाटो बन्द हुने गरी कम्पाउन्ड वाललगायत कुनै पनि निर्माण कार्य नगर्नू-नगराउनू र उक्त जग्गा उपभोग गर्नमा कुनै किसिमको बाधा-अवरोध नगर्न निर्माण उपभोक्ता समिति, वडा कार्यालय, गाउँपालिकासहितका नाममा अन्तरिम आदेश जारी गरेको थियो। तर, मंगलबार पनि निर्माणको काम रोकिएन।

'अदालतले जारी गरेको आदेश गाउँपालिका र वडा कार्यालयको इमेलमा पठाइएको भन्ने थाहा पाएँ,' रिट निवेदनकर्ता स्थानीय बुधराम महराले भने, 'तर, मंगलबार पनि पर्खाल निर्माणको काम भएको छ।'

उच्च अदालतले निवेदकका नाममा दर्ता कायम थलहाको कित्ता नम्बर ३०४३ जग्गामा कानुनबमोजिमबाहेक निवेदकको मञ्जुरीबेगर आवतजावत गर्ने बाटो बन्द हुने गरी कम्पाउन्ड वाललगायत कुनै पनि निर्माण कार्य नगर्न-नगराउन अन्तरिम आदेश दिएको थियो। जग्गा उपभोग गर्न कुनै किसिमको बाधा-अवरोध नगर्न पनि अदालतले भनेको छ। अदालतले विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश पनि दिएको छ।

थलहा कटहा गाउँमै घर रहेका विष्णुपुर- ४ का वडाध्यक्ष रामबाबु यादवले कम्पाउन्ड वाल निर्माण रोक्न भनेर अदालतबाट आदेश जारी भएकोबारे अनभिज्ञता प्रकट गरे। 'वडासचिव बिदामा रहेकाले अदालतले वडाको इमेलमा पठाएको भनिएको आदेश हेर्न पाएको छैन। निवेदकले मंगलबारसम्म देखाएका छैनन्, अदालतको आदेश सबैले मान्नैपर्ने भएकाले हामीले पनि पालना गर्छौं,' उनले भने।

चमार (दलित) १० परिवारको घरसम्म आउन मन्दिर क्षेत्रको जग्गा हुँदै बाटो रहेकामा मन्दिरमा पर्खाल उठाएर छेक्न लागिएको छ। मधेश सरकारको पर्यटन विकास कार्यालयले ५० लाख ६० हजार लागतमा १३ जेठबाट पर्खाल निर्माण गरिरहेको हो। अहिलेसम्म मन्दिरको उत्तरतर्फबाट मोडिएर करिब ५० मिटर दक्षिण आएपछि घर पुग्न सकिनेमा अब अवरोध भएको स्थानीय सुनिता महराले बताइन्।

उकालो लाग्दै डेंगु संक्रमण

हालसम्म ७१ जिल्लामा संक्रमण फैलियो, छैन सरकारको पूर्वतयारी



● **डा. विकास देवकोटा**
सचिव, स्वास्थ्य मन्त्रालय

डेंगु संक्रमण अहिले कम भए पनि अघिल्लो वर्षभन्दा बढी हुन सक्छ। पानी परेपछि संक्रमण ह्वात्तै बढ्छ, यस वर्ष बजेट तथा कार्यक्रममा डेंगु नियन्त्रणलाई पनि राखेका छौं। हरेक पालिकामा महामारी नियन्त्रणका लागि कार्यक्रम राखेका छौं, तर पोहोरजस्तो अहिले नै अभियान सुरु भएको छैन।



● **गोकर्ण दाहाल**, प्रमुख,
इपिडिमियोलोजी तथा रोग नियन्त्रण विभागका कीटजन्य रोग नियन्त्रण शाखा

पानी परेपछि ठाउँ-ठाउँमा पानी जम्ने र डेंगु फैलाउने लामखुट्टेको आतंक बढ्ने गरेको छ। पानी जमेको ठाउँमा डेंगु फैलाउने लामखुट्टेले लार्भा पार्छ र डेंगु संक्रमण दर बढ्दै जान्छ। समयमै सचेत हुने र जनचेतना फैलाउने हो भने डेंगु नियन्त्रणमा ल्याउन सकिन्छ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

गर्मी बढ्दै जाँदा डेंगु संक्रमण दर पनि उकालो लागेको छ। हालसम्म ७१ जिल्लामा डेंगु फैलिएको छ। जनवरीयता २ जुनसम्म एक हजार १३५ जनामा डेंगु संक्रमण देखिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण विभागले जनाएको छ। यसमध्ये सबैभन्दा बढी काठमाडौंमा सयजनामा संक्रमण पुष्टि भएको छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण विभागका कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख गोकर्ण दाहालले वर्षा सुरु भएकाले संक्रमण दर पनि बढ्दै गएको बताए। 'पानी परेपछि ठाउँठाउँमा पानी जम्ने र डेंगु फैलाउने लामखुट्टेको आतंक बढ्ने गरेको छ। पानी जमेको ठाउँमा डेंगु फैलाउने लामखुट्टेले लार्भा पार्छ र डेंगु संक्रमण दर बढ्दै जान्छ,' उनले भने, 'समयमै सचेत हुने र जनचेतना फैलाउने हो भने डेंगु नियन्त्रणमा ल्याउन सकिन्छ।'

दाहालका अनुसार गत वर्ष ४६ हजारमा डेंगु संक्रमण देखिएको थियो। डेंगुकै कारण १५ जनाको मृत्यु भएको थियो। पूर्वतयारी नहुँदा र सावधानी नअपनाउँदा गत वर्ष बढी संक्रमण देखिएको थियो। गत वर्षभन्दा यसपालि २ जुनसम्म कम संख्या देखिए पनि केही दिनमै संक्रमण दर ह्वात्तै बढ्न सक्ने चिकित्सकहरूको भनाइ छ। गत वर्षको यही अवधिसम्म दुई हजार पाँच सयमा देखिएको डेंगु यसपटक एक हजार १३५ जनामा देखिएको छ। तर, सावधानी नअपनाउने र लार्भा नष्ट गर्ने अभियानमा नलागे संक्रमण दर बढ्ने भन्दै सचेत हुन चिकित्सकहरूले आग्रह गरेका छन्।

सरकारले गर्मीको समयमा डेंगु फैलने भन्दै दुई वर्षअघि मापदण्ड तयार पारेको थियो। त्यसमा तीन तहका सरकारको जिम्मेवारी पनि तोकिएको छ। स्थानीय सरकारले जनचेतना प्रवाह गर्ने, लार्भा नष्ट गर्ने, स्थानीय स्वास्थ्य चौकीमा उपचार सेवा सहज बनाउने र नजिकै अस्पतालसँग समन्वय गर्ने, प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय गर्ने र केन्द्र सरकारले बजेट तथा जनशक्ति व्यवस्थापन गर्ने मापदण्डमा उल्लेख छ। तर, पछिल्लो समय तीन तहका सरकारले डेंगु नियन्त्रण तथा यसको पूर्वतयारी गरेको देखिँदैन। कतिपय नगरपालिकाले लामखुट्टेको लार्भा नष्ट गर्ने नाममा विषादी र धुलो छर्किने गरेका छन्। तर, त्यसभन्दा बढी उत्तम उपाय पानी जम्न नदिनु र सबै ठाउँलाई सफा राख्नु रहेको विज्ञ चिकित्सकहरूको भनाइ छ। स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले गत वर्षभन्दा यस वर्ष डेंगु संक्रमण दर बढ्न सक्ने आकलन गरे। 'डेंगु संक्रमण अहिले कम भए पनि अघिल्लो वर्षभन्दा बढी हुन सक्छ। पानी परेपछि संक्रमण ह्वात्तै बढ्छ, यस वर्ष बजेट तथा कार्यक्रममा डेंगु नियन्त्रणलाई पनि राखेका छौं,' उनले भने, 'हरेक पालिकामा महामारी नियन्त्रणका लागि कार्यक्रम राखेका छौं, तर पोहोरजस्तो अहिले नै अभियान सुरु भएको छैन।'

■ डेंगु संक्रमण हुने देशमध्ये नेपाल २०औं स्थानमा

डेंगु संक्रमण हुने देशमध्ये नेपाल २०औं स्थानमा पर्छ। पछिल्लो समय जलवायु परिवर्तन, सहरीकरण र बसाइँसराइका कारण डेंगु संक्रमण दर बढ्दो छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार गत वर्ष विश्वका एक करोड ४० लाखलाई डेंगु संक्रमण भएको थियो। यस्तै, डेंगुकै कारण ११ हजारको मृत्यु भएको थियो। डेंगुबाट ब्राजिल, अर्जेन्टिना, मेक्सिको, कोलम्बिया, भारत, थाइल्यान्ड, बंगलादेश, पाकिस्तानलगायत देश बढी प्रभावित छन्। नेपाल पनि प्रभावित देशमध्येमा पर्छ।

डब्लुएचओका उपेक्षित तथा उष्णप्रादेशीय रोग विशेषज्ञ डा. प्रकाश शाक्यले नेपाल डेंगु संक्रमणको हिसाबले उच्च जोखिममा रहेको बताए। उनका अनुसार एडिस प्रजातिको लामखुट्टेले डेंगु सार्ने गर्दछ। साथै, डेंगुले जिका, चिकनगुनियालगायत संक्रमण पनि हुन्छ। त्यसबाट वेलैमा सचेत रहनुपर्ने शाक्यले बताए। 'पछिल्लो समय तापक्रम बढ्दो छ, डेंगुको संक्रमण पनि यही कारण बढेको हो,' उनले भने, 'यो विश्वमा द्रुत गतिमा फैलिएको संक्रमण हो, नेपालमा पनि संक्रमण दर बढ्दो क्रममा छ।'

■ कस्तो ठाउँमा बस्छ एडिस भाइरसधारी लामखुट्टे ?

एडिस भाइरसधारी लामखुट्टेको टोकाइबाट मात्र डेंगु हुने गर्छ। डा. शाक्यका अनुसार बगिरहेको पानीमा यो लामखुट्टे बस्दैन। जम्मा भएको सफा पानीमा मात्रै बस्छ। टायर, कुनै खुला भाँडा, खाल्टाखुल्टी, पानी जम्ने भाँडा तथा स्थानमा यसले लार्भा पार्छ र फैलावट बढ्छ। यस्तो लामखुट्टे २५-३० डिग्री तापक्रममा बस्ने उनको भनाइ छ। शाक्यका अनुसार डेंगु गराउने लामखुट्टे लाई टाइगर लामखुट्टे पनि भन्ने गरिन्छ। यो जहाँ पानी छ त्यहीँ बस्छ। तीन-चार थोपा पानी भएको ठाउँमा पनि यसले फूल पार्न सक्छ। यो बिहान र साँझ बढी सक्रिय हुन्छ। 'डेंगुको ठ्याक्कै औषधि छैन, यसको लक्षणका आधारमा औषधि प्रयोग गर्ने हो, तर चिकित्सकको सल्लाहविना औषधि प्रयोग गर्न मिल्दैन,' शाक्यले भने, 'डेंगु भएकालाई लामखुट्टे ले टोकेर पनि अर्कोलाई सार्न सक्छ।'

■ यस्तो हुन्छ डेंगुको लक्षण

डेंगु संक्रमण भएपछि ज्वरो आउने, टाउको दुख्ने, जोर्नी बेस्सरी दुख्ने, बान्ता आउने, प्लेटलेट घट्ने, जिब्रोमा रगत आउने, पेट दुख्ने, शरीरमा बिमिरा आउने, आँखा दुख्नेलगायत लक्षण हुन्छ। तर, एउटै समस्या लगातार भइरह्यो र निको भएन भने तुरुन्त अस्पताल जानुपर्ने डा. शाक्यले बताए। उनका अनुसार कहिलेकाहीं निको भयो भन्ने अवस्थामा यसले जोखिम निम्त्याउन सक्छ। डेंगु भएपछि दीर्घरोगी, सुत्केरीलाई बढी गाह्रो हुने चिकित्सकहरू बताउँछन्। डेंगुको दुखाइ बढी भएमा पारासिटामोल र सिटामोल प्रयोग गर्न सकिने उनीहरूको सुझाव छ।

■ भूमि विधेयकमा ५१ संशोधन

समितिमा नलगीकनै सिधै सदनबाट पारित गराउने सरकारको रणनीति

कांग्रेस महामन्त्री थापा र शर्मा हदबन्दी छुटको जग्गा घडेरी बनाएर बेच्ने प्रस्तावको विपक्षमा

नयाँ पत्रिका

सरकार भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सम्बन्धित समितिमा नलगीकनै सिधै सदनबाट पारित गराउने रणनीतिमा लागेको छ। भूमि विधेयकमा घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान राखेको भन्दै चौतर्फी आलोचना भइरहेका वेला सरकार संसदीय प्रक्रिया छलेर फास्ट ट्र्याकबाट विधेयक पारित गराउने प्रयासमा छ।

६ जेठमा सैद्धान्तिक छलफल भएको विधेयकमा सांसदहरूले ५१ वटा संशोधन राखेका छन्। संसदीय प्रक्रियाअनुसार सांसदहरूबाट प्राप्त संशोधनमाथि दफावार छलफल गर्न विधेयक संसदीय समितिमा पठाउनुपर्छ। तर, सोझै सदनबाट पारित गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले संशोधन प्रस्ताव राखेका सांसदसँग १४ जेठमा संसद् भवनको हलोत्से हलमा बोलाएर छलफल गरेका थिए। साथै, सरकारको प्रस्तावअनुसार १४ गतेको प्रतिनिधिसभा बैठकको कार्यसूचीमा विधेयकमा दफावार छलफल गरी सभाबाट पारित गर्ने भनेर राखिएको थियो। तर, भिजिट भिसा प्रकरणमा विपक्षीको अवरोधले सदन अवरुद्ध हुँदा विधेयक अघि बढेको छैन। संसद् सचिवालयका अनुसार विधेयकमा कांग्रेस, एमाले, माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जसपा नेपाल, जनमत, लोसपा, जनमोर्चा, नेमकिपासहित सांसदहरूले एकल र सामूहिक गरेर ५१ वटा संशोधन प्रस्ताव दर्ता भएका छन्।



गगन थापा



विश्वप्रकाश शर्मा

कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा हदबन्दी छुटको जग्गा घडेरी बनाएर बेच्ने प्रस्तावित प्रावधानको विपक्षमा उभिएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले २३ वैशाखमा प्रतिनिधिसभामा दर्ता गरेको ा संशोधन प्रस्ताव दर्ता गराउँदै थापा र शर्माले हदबन्दी छुटको जग्गा बिक्री-वितरण गर्न नपाउने गरी प्रस्तावित प्रावधान सच्याउन माग गरेका हुन्।

घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान छन्। ६ जेठमा प्रतिनिधिसभामा सैद्धान्तिक छलफल भएको विधेयकमा घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान छन्।

महामन्त्रीद्वय थापा र शर्माले राखेको संशोधन प्रस्तावमा भनिएको छ, 'तर प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घरजग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास एकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइनेछैन।'

दफा २ मा घरजग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था छ। उपदफा ४ मा 'सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा कानुनबमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास एकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्नेछैन' भनिएको छ।

प्रमुख सचेतक हितराज पाण्डेसहित माओवादी सांसदहरूले पनि घरजग्गा व्यवसायबाहेक अन्य प्रयोजनका लागि प्राप्त गरेको वा स्वीकृत लिएको जग्गा बेचबिखन गर्न नपाउने संशोधन राखेका छन्। रास्वपाका मनीष भालगायत सांसदले कृषियोग्य जग्गा कित्ताकाट गरेर बेच्न नपाउने प्रस्ताव राखेका छन्। एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेसहित सांसदहरूले हदबन्दी छुटसम्बन्धी प्रस्तावित दफा नै हटाई पुरानै कायम गर्नुपर्ने संशोधन राखेका छन्।

संक्षेप

महानगरले थाल्यो तरकारीमा विषादी परीक्षण

काठमाडौं/ काठमाडौं महानगरपालिकाले कालीमाटी तरकारी बजारमा विभिन्न जिल्लाबाट भित्रिएका तरकारीमा विषादी परीक्षण गरेको छ। जाँचका क्रममा विषादीको अवशेष मापदण्डभित्र रहेको पाइएको छ। महानगरपालिकाको कृषि तथा पशुपन्छी विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले घुम्ती खाद्य प्रयोगशाला (मोबाइल भ्यान)सहित सोमबार राति १० बजेदेखि बिहान ३ बजेसम्म भित्रिँदा-भित्रिँदै गरेका १७४ वटा नमुना लिएर स्थलगत परीक्षण गर्दा यस्तो नतिजा प्राप्त भएको हो। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. ईश्वर सुवेदीले करिब २० जिल्लाबाट भित्रिएका तरकारीको नमुना संकलन गरेर परीक्षण गर्दा विषादीको अवशेष मापदण्डभित्र रहेको बताए। परीक्षणका लागि काँक्रो, घिरौला, तितेकरेला, आलु, भन्टा, काउली, बन्दाकोभी, सिमी, धनियाँलगायत तरकारीको नमुना लिइएको थियो। तरकारी बजारमा फलफूल नआउने भएकाले लिचीको नमुना लिइएको थियो। संकलित नमुनाको आरबिपिआर (च्यापिड बायोसे अफ पेस्टिसाइड्स रिसिड्युज) विधिबाट अर्गानोफोस्पेट र कार्बामेट समूहका विषादी परीक्षण गरिएको हो। संकलित तरकारीका नमुना चितवन, काभ्रे, सिन्धुपाल्चोक, भक्तपुर, सर्लाही, धादिङ, नुवाकोटलगायत जिल्लाबाट ल्याइएका थिए।

पहिरोले एक घर भत्कायो

संखुवासभा/ मकालु गाउँपालिकामा वर्षासँगै आएको पहिरोले एक घर भत्काएको छ। मंगलबार बिहान करिब ६ बजेतिर पहिरोले मकालु गाउँपालिका- २ सुवेदी गाउँका स्थानीय ५७ वर्षीय फुनुर्बु शेर्पाको ढुंगामाटो र काठले बनेको जस्तापाताले छाएको दुईतले घर पूर्ण रूपमा क्षतिग्रस्त बनाएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ। निरन्तर परेको अविरल वर्षासँगै घरमाथिबाट खसेको पहिरोले उक्त घर पूर्ण रूपमा क्षतिग्रस्त भएको हो। घटनास्थलमा निरन्तर वर्षा भइरहेको र खोला बढेकाले उद्धारका प्रहरी पुग्न सकेको छैन। केही दिनदेखि मकालु र भोटखोलामा भारी वर्षा भइरहेको छ। मकालु र भोटखोला गाउँपालिकाले सचेत र सुरक्षित स्थानमा बस्न सार्वजनिक रूपमा अपिल नै जारी गरेको छ। सदरमुकाम खाँदबारीदेखि उत्तरी क्षेत्रमा पर्ने मकालु र भोटखोला क्षेत्रको भौगोलिक अवस्था पनि उत्तिकै जोखिमपूर्ण छ। बर्सेनि सो क्षेत्रमा बाढीपहिरोबाट धनजनको क्षति हुने गरेको छ।

सवारी ज्यान मुद्दाका व्यक्ति छुटाइदिने भन्दै ठगी गर्ने पक्राउ

लहान/ सवारी ज्यान मुद्दाअन्तर्गत अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका व्यक्तिलाई छुटाइदिन्छु भन्दै एक लाख ७० हजार रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विष्णुपुर गाउँपालिका- १ गौरीपुरका प्रमोदकुमार महतो हिरासतमा रहेका व्यक्ति छुटाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा पक्राउ परेका हुन्। आरोपी महतोले सवारी ज्यान मुद्दा नं. ३६६ को अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका सिराहा नगरपालिका- १६ माडरका विवेक यादवलाई छुटाइदिने आश्वासन दिँदै उनकी आमा रानीदेवी यादवसँग रकम लिएको प्रहरीले नजाएको छ। महतोले यादवकी आमासँग गत १७ असारमा एक लाख ७० हजार रुपैयाँ लिएको उजुरीका आधारमा पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताए। उनका अनुसार महतोलाई सोमबारदेखि नै लागू हुने गरी मंगलबार सिराहा जिल्ला अदालतबाट चार दिनको म्याद लिई थप अनुसन्धान भइरहेको छ।

यार्सागुम्बासहित एकजना पक्राउ

संखुवासभा/ प्रहरीले यार्सागुम्बासहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जुम्लाको सिँजा गाउँपालिका- ३ का ऐनबहादुर शाही छन्। मंगलबार बिहान ८:५० बजे खाँदबारी- ३ सुमनचौकमा प्रहरीले चेकजाँच गर्नेक्रममा लुकाई-छिपाई ल्याएको एक केजी ६७० ग्राम अवैध यार्सागुम्बासहित शाही पक्राउ परेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अभिषेककुमार श्रेष्ठले बताए। मकालु गाउँपालिकाको नुमबाट खाँदबारीतर्फ आउँदै गरेको को.१ज २६३१ नम्बरको बोलेरोमा राजस्व नतिरेको अवैध यार्सागुम्बा ल्याउँदै गरेको विशेष सूचनाका आधारमा चेकजाँच गर्ने क्रममा शाही पक्राउ परेका हुन्। उनको साथबाट २५ हजार ४३० रुपैयाँ र ७३० भारु बरामद गरी डिभिजन वन कार्यालयमा कारबाहीका लागि बुझाइएको प्रहरी निरीक्षक श्रेष्ठले बताए।

बालेनलाई 'कमजोर बनाउन' काठमाडौं नगर प्रहरी प्रमुख पाण्डेमाथि कारबाही

प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई कार्यालय प्रवेश गर्दा अवरोध गरेको भन्दै सोधिएको थियो स्पष्टीकरण, ६ महिना निलम्बित

नयाँ पत्रिका

काठमाडौं महानगरपालिका मेयर बालेनलाई 'कमजोर बनाउन' उनलाई साथ दिँदै आएका नगर प्रहरी प्रमुख एसएसपी राजुनाथ पाण्डेलाई कारबाही गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले मंगलबार पाण्डेलाई ६ महिनाका लागि निलम्बन गरेका हुन्।



● सरोज गुरागाईं



● राजुनाथ पाण्डे

आफूलाई कार्यालय प्रवेश गर्दा अवरोध गरेको विषयमा प्रतिशोध साँध्दै गुरागाईंले पाण्डेमाथि कारबाही गरेका हुन्। निलम्बन गर्नुअघि पाण्डेलाई एक साताको स्पष्टीकरण सोधिएको थियो। स्पष्टीकरण चित्तबुझ्दो नआएको भन्दै गुरागाईंले ६ महिनाका लागि निलम्बन गरेका हुन्। पाण्डे बालेननिकट मानिन्छन्। गत २१ चैतमा कार्यालय फर्किएका गुरागाईंलाई कर्मचारी र जनप्रतिनिधिले ढोका फुटाएर कार्यालय प्रवेश गराएका थिए। त्यसयता बालेन र गुरागाईंको बोलचाल बन्द छ।

पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौं भ्यु टावरको नक्सापासमा अनियमितता गरेको भन्दै बालेनले गुरागाईंलाई कारबाहीको माग गरिरहेका थिए। मेयर सचिवालयले सामान्य प्रशासन मन्त्रालयमा उनीमाथि कारबाही हुनुपर्ने आधारसमेत पेस गरेको थियो। तर, कुनै गल्ती नदेखिएको भन्दै २१ चैतमा गुरागाईंलाई मन्त्रालयले काममा फर्काएको थियो। सो दिन नगर प्रहरी प्रमुख पाण्डेले आफूलाई असहयोग गरेको र कार्यालय प्रवेश गर्दा रोकेको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले कारबाही गरेका हुन्।

पाण्डेलाई प्रशासकीय अधिकृत गुरागाईंले सार्वजनिक रूपमा अभिव्यक्ति नदिनसमेत भनेका छन्। पाण्डे निलम्बनमा परेसँगै नगर प्रहरी प्रमुखको जिम्मेवारी विष्णु जोशीलाई दिइएको छ। पाण्डेमाथि छानबिन गर्न जाँचबुझ समितिसमेत गठन भएको छ। पाण्डेले आफूलाई कारबाही गरिएको कारण सबैलाई थाहा भएको र किन कारबाही गरियो भन्ने विषय स्पष्ट रहेको बताए। 'मैले के गर्न खोजेको थिएँ, नगर प्रहरी कस्तो थियो कस्तो बनाएँ, त्यो कुरा सबैलाई थाहा छ,' उनले भने, 'किन मलाई यस्तो गरियो सबैले बुझ्नुभएकै छ।'

सिफलचौरमा राजावादीको प्रदर्शन



काठमाडौं/ काठमाडौंकेन्द्रित आन्दोलनमा रहेका राजसंस्था पक्षधरहरूले सिफलचौरमा प्रदर्शन गरेका छन्। राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापनाको मागसहित राजावादीले सिफलमा मंगलबार प्रदर्शन गरेका हुन्। संयुक्त जनआन्दोलन समितिको आह्वानमा गत १५ जेठदेखि राजावादीहरूले निरन्तर आन्दोलन गर्दै आएका छन्। माग पूरा नभएसम्म आन्दोलन जारी रहने समितिले जनाएको छ। आन्दोलनकै क्रममा राजावादीले सोमबार भने कमलादीमा दीप प्रज्वलन गरेका थिए।

यसैबीच, राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको मंगलबार बसेको बैठकले आन्दोलन र राप्रपालाई जोडेर भ्रम फैलाउने काम भएको भन्दै भ्रममा नपर्न पार्टी पंक्तिलाई आग्रह गरेको छ। राप्रपा जारी आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन पूर्ण प्रतिबद्ध रहेको र निरन्तर आन्दोलनको अग्रभागमा रहने निर्णय बैठकले गरेको छ। 'राप्रपा जारी आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन पूर्ण प्रतिबद्ध छ र निरन्तर आन्दोलनको अग्रभागमा रहनेछ। पार्टी र नेतृत्वबारे सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा छरिने वा छरिएका सबैखाले भ्रमको सामूहिक प्रतिवाद गर्न राप्रपा सम्पूर्ण पार्टी पंक्तिलाई हार्दिक आह्वान गर्दछ। साथै, अनर्गल भ्रम छर्ने कार्यमा राप्रपाको कुनै पनि तहको नेता, कार्यकर्ता संलग्न भएको देखिएमा कडा अनुशासनको विषय बन्ने मात्र होइन कारबाहीको भागीदारसमेत हुनुपर्ने कार्यसम्पादन बैठकको निर्णय रहेको छ,' बैठकपछि प्रवक्ता मोहन श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उपत्यकाकेन्द्रित जागरण अभियानमा माओवादी

जनतासँग नफर्की, जनतासँग नजोडीकन यो पार्टीलाई यथास्थितिबाट अर्को ठाउँमा लगेर समाजवादको नेतृत्व गर्ने पार्टी बनाउन सकिँदैन भन्ने गम्भीर समीक्षा र निष्कर्षसहित हामी अहिले अभियानमा छौं।
● **प्रचण्ड**

नयाँ पत्रिका

तराई मधेश हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्गकेन्द्रित अभियान गरेको माओवादीले काठमाडौं उपत्यकामा जागरण अभियान सुरु गरेको छ। काठमाडौं थानकोटबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार अभियानको उद्घाटन गरेका छन्।

अभियानलाई प्रभावकारी बनाउन प्रचण्डले नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन्। अभियानका क्रममा भाषण कम गर्न र जनताका समस्या बढी सुन्न उनको सुझाव छ। अभियान विशेषगरी नेवाः र तामसालिङ जागरणमा केन्द्रित हुने नेताहरूले बताएका छन्। समाजवादी क्रान्तिको चरणमा जातीय उत्पीडन, आत्मनिर्णयको अधिकार र समाजवादी क्रान्ति अन्तरसम्बन्धित रहेको नेताहरूले दाबी गरेका छन्।

प्रचण्डले एक महिनाको अभियान पर्याप्त नहुने बताए। अभियान निरन्तर सञ्चालन गर्नुपर्नेमा



उनले जोड दिए। स्वायत्तता र पहिचानलाई आत्मसात् गरेर अगाडि बढाउने उनले बताए। सबै उत्पीडित जाति, क्षेत्र र समुदायको मोर्चालाई अझ सुदृढ गर्ने उनले बताए। 'जनतासँग नफर्की, जनतासँग नजोडीकन यो पार्टीलाई यथास्थितिबाट अर्को ठाउँमा लगेर समाजवादको नेतृत्व गर्ने पार्टी बनाउन सकिँदैन भन्ने गम्भीर समीक्षा र निष्कर्षसहित हामी अहिले अभियानमा छौं,' प्रचण्डले भने।

■ माओवादी मधेश संसदीय दलका नेता साहले दिए राजीनामा



जनकपुरधाम/ माओवादी मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले पदबाट राजीनामा दिएका छन्। पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा साहले सोमबार साँझ पदबाट राजीना दिएका हुन्। झन्डै एक वर्षदेखि माओवादीका बहुमत प्रदेश सांसदले साहको राजीनामा माग गर्दै आएका थिए। तर, पार्टीका उपसचिव तथा मधेश प्रदेश इन्चार्ज मातृका यादवको संरक्षणका कारण उनी जोगिँदै आएका थिए।

लामो समयदेखि देखिएको विवाद नमिलेपछि प्रचण्डले नै नेता साहलाई राजीनामा दिन निर्देशन दिएको माओवादीका एक प्रदेश सांसदले बताए। पार्टीका सांसदहरूको कुरा नसुन्ने, पार्टीलाई आघात पुग्ने काम गरेको तथा अर्थमन्त्री हुँदा बजेटमा चलखेल गरेको साहमाथि आरोप लागेको छ। मधेश प्रदेशमा माओवादीका नौजना सांसद छन्। तीमध्ये प्रमुख सचेतक फकिरा महतो, जवाहर कुसवाह, राजी हैदर, सुनिता यादव, मालाकुमारी कर्ण र रहबर अन्सारी गरी ६ जना विपक्षमा छन्।

साहले पदबाट राजीनामा दिएपछि दलका नेतामा अकांक्षी सांसदहरूले पार्टीका शीर्ष नेतासँग भेटघाट बढाएका छन्। माओवादीका एक नेताका अनुसार दलको नेतामा युवराज भट्टराई, राजी हैदर र सुनिता यादव अकांक्षी देखिएका छन्। उनीहरूले अहिले काठमाडौं पुगेर पार्टीका शीर्ष नेताहरूसँग लबिङ थालेका छन्।

छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनका सकस

हजारौँ वर्षदेखि विद्यमान जातपात र छुवाछुतले जकडिएको समाज केवल घोषणा र कानुनी व्यवस्थाले मात्र छुवाछुतमुक्त हुन सक्दैन



● गणेश विश्वकर्मा

अग्रलेख

घोषणाको ऐतिहासिक र राजनीतिक सन्दर्भ : ऐतिहासिक जनक्रान्ति ०६२/६३ को राप र तापले परिवर्तनको हिस्सेदार नेपालका एकचौथाइ दलित समुदायलाई पनि बनाउनुपर्छ भन्ने मान्यताका आधारमा २१ जेठ ०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको थियो। यो घोषणा परम्परागत खालको थिएन, ऐतिहासिक जनक्रान्तिको बलमा पुनर्स्थापित शक्तिशाली संसद् बाट गरिएको हुनाले यसको विशेष महत्त्व रहेको छ। सो घोषणाको पाँच वर्षपछि ०६८ मा तत्कालीन संसद्ले जातीय छुवाछुत तथा भेदभाव (कसुर तथा सजाय) ऐन पारित गऱ्यो। यो ऐन सर्वसम्मत पारित हुनुको धरातल ६०१ जनामध्ये ५० जना दलित, १९७ जना महिला र २१९ जना आदिवासी जनजाति, मुस्लिम र मधेशी गरी ४६६ जना सीमान्तकृत समुदायको प्रतिनिधित्व भएको पहिलो संविधानसभा थियो। छुवाछुतमुक्त राष्ट्र घोषणा गर्दा केवल घोषणा मात्र नभई दलितको देशव्यापी अवस्थासहितको तथ्यांक संकलन गर्ने, दलित समुदायका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गर्ने र दलितका व्यावसायिक परम्परागत मौलिक पेसाको औद्योगिकीकरण गर्ने उल्लेख गरिएको थियो। यो घोषणा नेपाली दलित मुक्ति आन्दोलनको सात दशक लामो संघर्षको ऐतिहासिक उपलब्धि थियो।

घोषणाको प्रभाव र वर्तमान अवस्था : 'छुवाछुतमुक्त राष्ट्र घोषणा'ले नेपालका दलितलाई आफूहरू पनि ऐतिहासिक जनआन्दोलनको हिस्सेदार भएको महसुस भएको थियो। यस घोषणालाई नेपालको दलित आन्दोलनले ऐतिहासिक उपलब्धिका रूपमा स्वीकार गर्दै सोही वर्षदेखि नै २१ जेठलाई दलित अधिकार दिवसका रूपमा मनाउन थाल्यो। घोषणाले नेपाली समाजको ऐतिहासिक अन्यायप्रति औपचारिक अस्वीकारको घोषणा गरेको हुनाले यसको संस्थागतीकरणका लागि जातीय छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८ र छुवाछुतविरुद्ध मुलुकी फौजदारी संहिता, २०७४ संसद्बाट पारित भयो। प्रधानमन्त्रीको अध्यक्षतामा जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र २०६८ गठन भयो। दलित आन्दोलनको निरन्तर खबरदारीसँगै ऐन पारित भएपछि तत्कालीन सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल नेतृत्वको सरकारले २१ जेठलाई 'जातीय छुवाछुत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस' घोषणा गरेको थियो। नेपालको संविधानको प्रस्तावना, राज्यको नीति तथा निर्देशक सिद्धान्त, दुई-दुईवटा मौलिक हकको व्यवस्थासहित समावेशिता, समानता, पुनर्स्थापन, अन्यायको अन्त्यजस्ता अवधारणासहित संवैधानिक राष्ट्रिय दलित आयोग गठन भयो। राष्ट्रिय सभाले संकल्प प्रस्ताव पारित गरी नयाँ ऐन बन्ने चरणमा अघि बढेको छ। यसरी संवैधानिक तथा कानुनी व्यवस्थाका कारण 'छुवाछुतमुक्त राष्ट्र घोषणा' एक सकारात्मक रूपमा लिन सकिन्छ भने यसका नकारात्मक पक्ष पनि रहेको छ। हजारौँ वर्षदेखि विद्यमान जातपात र छुवाछुतले जकडिएको समाज केवल घोषणा र कानुनी व्यवस्थाले मात्र स्वतः उन्मूलन हुन सम्भव थिएन। ठुल्ठुला परिवर्तन भएका मुलुकमा दलितका मुद्दा भविष्यमा द्वन्द्वका कारण नबनून् भनेर निकै ध्यान दिएको पाइन्छ। तर, नेपालमा भने त्यसतर्फ ध्यान नदिई केवल घोषणामै मात्र सीमित राखियो।

छुवाछुतमुक्त राष्ट्र घोषणा भएको आज १८ वर्षको अवधिमा रुकुमपश्चिम नरसंहारमा हत्या गरिएका ६ जनासहित २५ जनाभन्दा बढीको हत्या भएको छ। अन्तर्जातीय विवाह गरेका कारण हत्या गरिएका काभ्रेपलान्चोकका अजित मिजारको लास विगत १० वर्षदेखि काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा न्यायको पर्खाइमा रहेको छ। सर्लाहीका सत्येन्द्रकुमार राम र नेहा रौनियारको घटना होस् या सिराहाको महायज्ञ र आमाको पितृभोज खुवाउँदाको सन्दर्भमा भएकोलगायत घटनामा राजनीतिक दल, तिनका नेता, कार्यकर्ता, निर्वाचित जनप्रतिनिधि र स्थानीय सम्भ्रान्तदेखि प्रहरी प्रशासनबिचकै साँठगाँठले छुवाछुतमुक्त राष्ट्र घोषणाको कार्यान्वयनमा अझै पनि निकै चुनौती रहेको देखिन्छ। यो घोषणा बाध्यकारी नबनाइएको हुनाले यसको कार्यान्वयनका लागि सरकारले घोषणाको दबाबमा भन्दा दलित आन्दोलनको दबाबमा काम गरिरहेको पाइन्छ। नेपाल सरकारले नीति तथा कार्यक्रम र बजेटमा लोकरिझ्याइँका लागि केही कार्यक्रम राखे पनि कार्यान्वयन कहिल्यै भएनन्। उदाहरणका लागि गत वर्ष संघीय सरकारले दलितका सन्दर्भमा संविधान कार्यान्वयनका लागि २० करोड विनियोजन गरेको थियो, तर सो रकम कता खर्च भयो, कसैलाई थाहा छैन। घोषणालाई राजनीतिक परिवर्तनको मूल पक्षसँग जोडेर आर्थिक, सामाजिक प्रगतिशील रूपान्तरणको अभियानका रूपमा नलिइएको हुनाले छुवाछुतमुक्त राष्ट्र घोषणा आज दलितका लागि



राजनीतिक दल, तिनका नेता-कार्यकर्ता, निर्वाचित जनप्रतिनिधि र स्थानीय सम्भ्रान्तदेखि प्रहरी प्रशासनबिचकै साँठगाँठले छुवाछुतमुक्त राष्ट्र घोषणाको कार्यान्वयनमा अझै पनि चुनौती कायमै रहेको देखिन्छ

सरकारले घोषणाको दबाबमा भन्दा दलित आन्दोलनको दबाबमा नीति तथा कार्यक्रम र बजेटमा लोकरिझ्याइँका लागि केही कार्यक्रम राखे पनि कार्यान्वयन कहिल्यै भएनन्

उत्सव कम र संघर्ष बढी गर्नुपर्ने अवस्था बनेको छ।

घोषणा कार्यान्वयनको मार्गचित्र : नेपालको दलित समस्या भनेको केवल जातीय छुवाछुत मात्र होइन, यो एक राजनीतिक रूपमा पार्टीभित्रको असमावेशीकरण, संसदीय क्षेत्रभित्रको असमावेशीकरण र प्रशासनिक क्षेत्रभित्रको असमावेशीकरण हो। दुई, आर्थिक रूपमा भूमिहीनता, बेरोजगारी र सामन्तवादका अवशेषका रूपमा रहेका हलिया, हरवाचरवा, बालीघरेप्रथा आदिको अभ्यास हो। तीन, सामाजिक सांस्कृतिक क्षेत्रमा जातीय छुवाछुत, दण्डहीनता र शिक्षाबाट वञ्चितीकरणको एकीकृत स्वरूप हो, जुन समस्या वैज्ञानिक सिद्धान्तलाई समेत चुनौती दिँदै नेपाली समाजको स्वभाव र संस्कृति बनेर जीवित रहेको छ। यी सबै समस्यालाई किस्ताबन्दीका रूपमा होइन, एकसाथ हल गर्ने विचारधाराको आवश्यकता रहेको छ। विश्वव्यापी अनुभवलाई हेर्दा भेनेजुएलामा ह्युगो चाभेज तीव्र विकासको अनुभव हाम्रा सामु छ। यस सन्दर्भमा नेपालले तीनवटा क्षेत्रमा एकसाथ ध्यान दिनुपर्छ। पहिलो, संवैधानिक तथा कानुनी व्यवस्थालाई बलियो बनाउने। दोस्रो, कानुन कार्यान्वयनको बलियो संयन्त्र राष्ट्रिय दलित आयोगका अलावा दलित विकास प्राधिकरण स्थापना गर्ने र तेस्रो तीनवटै तहका सरकारले यसलाई पहिलो प्राथमिकतामा राखेर आगामी दशकलाई दलित अधिकार दशक घोषणा गरी बजेटसहितका कार्यक्रम राष्ट्रव्यापी अभियानका रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ। लोकतन्त्र भनेको कुनै दर्शन र विचार मात्र होइन, यो त उत्पीडित दलित जनताको जीवनमा आउने व्यवहार पनि हो। त्यसैले, घोषणाको राजनीतिक महत्त्व, सामाजिक यथार्थसँगको सम्बन्ध, कार्यान्वयनको अवस्था र दलित समुदायको अनुभव सबै पक्षबाट आलोचनात्मक दृष्टिले मूल्यांकन गर्नु आवश्यक छ।

जातीय समस्याको हल गर्न गौतम बुद्धले धार्मिक मोक्ष र व्यक्तिगत अनुशासनमा जोड दिएका थिए। भीमराव अम्बेडकरले संवैधानिक र सामाजिक सुधारमा जोड दिँदै धर्मान्तरणमार्फत समाधान खोजेका थिए। तर, कार्ल मार्क्सले वर्गसंघर्ष र सामाजिक क्रान्तिमा जोड दिँदै उत्पादन प्रणाली, श्रम र सम्पत्तिको स्वामित्वलाई जातीय र वर्गीय उत्पीडनको मूल स्रोतका रूपमा लिँदै जातीय उत्पीडनको अन्त्य तब मात्र सम्भव हुन्छ, जब उत्पादन सम्बन्धको क्रान्तिकारी पुनर्संरचना गरिन्छ भन्ने धारणा अघि सारे। जात केवल एक धार्मिक, सामाजिक वा सांस्कृतिक संरचना होइन, यो श्रमको वर्गीय विभाजनको एक स्थायी व्यवस्था हो। त्यसैले, जात अन्त्यका लागि वर्ग अन्त्य अनिवार्य छ। यसका लागि भूमिहीनता, बेरोजगारी र श्रम शोषण अन्त्यका लागि सम्पत्ति, वर्ग, श्रम र राज्यशक्तिको संरचना परिवर्तन हुनुपर्छ।

दक्षिण एसियामा विशेषतः नेपाल र भारतका मार्क्सवादी क्रान्तिकारीले दलित समस्याको वर्गीय चरित्रलाई वर्गीय दृष्टिकोणबाट बुझ्ने र बदल्ने रणनीतिक योजना बनाउन नसक्दा मार्क्सवादी आन्दोलनले दलितका प्रश्नलाई वर्गसंघर्षको गतिलो हतियार बनाउने ऐतिहासिक अवसर गुमाउनुपरेको कमजोरी स्वीकार गर्दै दलित आन्दोलनलाई 'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने राष्ट्रिय संकल्पसाथ अघि बढेको समाजवादी क्रान्तिको एक हिस्सेदारका रूपमा विकसित गर्न सक्नुपर्छ। अबको दलित आन्दोलनको मुख्य संघर्ष दलाल पुँजीवादविरुद्ध र सहायक संघर्ष सामन्तवादका अवशेषविरुद्ध केन्द्रित गरिनुपर्छ। त्यसैले अबको दलित आन्दोलनले वर्गीय आन्दोलन अर्थात् वर्गसंघर्षका सबै रूपको सबै स्तरमा अभ्यास गर्दै वैज्ञानिक समाजवादको आवश्यकताद्वारा प्रशिक्षित गर्दै लैजाने आमसंघर्षसम्बन्धी नीति-निर्माणमा जोड दिनुपर्छ। जसले समाजवादको आधार निर्माण गर्नेछ।

(विश्वकर्मा नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय कमिटी सचिव हुन्)

३ प्रश्न

अधिकारकर्मी **जेबी विश्वकर्मा**लाई



छुवाछुतमुक्त राष्ट्र घोषणाले दलित समुदायको जीवनमा के परिवर्तन ल्यायो ?

दोस्रो जनआन्दोलनको सफलतासँगै पुनर्स्थापित संसद्बाट उत्पीडित समुदायका मुद्दालाई सम्बोधन गरिएन भने त्यसले समाजमा ठुलो असन्तुष्टि जन्माउन सक्छ भन्ने भयका कारण छुवाछुतमुक्त राष्ट्र घोषणा गरियो। तर, घोषणाअनुरूप राज्यले काम गरेन। त्यसअनुरूप नीति, कार्यक्रम केही आएनन्। कुनै अभियान सञ्चालन गरिएन। जसले गर्दा लक्षित उत्पीडित वर्गका मानिसको जीवनमा खासै परिवर्तन देखिएन। सार्वजनिक या निजी क्षेत्रमा हुनेगरेका विभेद हटाउनु कसको दायित्व हो भन्ने प्रस्ट पारेर नीति, कार्यक्रम ल्याउन सकेको भए केही हुन्थ्यो होला। घोषणा मात्र गरेर छाडिदिँदैमा उत्पीडित समुदायको जीवनमा परिवर्तन आउन सक्दैनथ्यो र आएन पनि।

घोषणा कार्यान्वयनको अवस्था कस्तो छ ?

घोषणा कार्यान्वयनको अवस्था एकदमै कमजोर छ। अन्तरिम संविधानको मौलिक हकमा गरिएको व्यवस्थाअनुरूप ०६८ मा जातीय छुवाछुत र भेदभाव (कसुर र सजाय) सम्बन्धी ऐन आयो। तर, सो ऐनमा ०७५ मा कसको योजनामा कसरी र किन संशोधन गरियो, अहिलेसम्म थाहा हुन सकेको छैन। जुन स्पिरिटमा ऐन आएको थियो, संशोधनले त्यसलाई नै 'डाइभर्ट' गर्न खोजेको देखिन्छ। त्यसैले, घोषणा कार्यान्वयनको अवस्था अन्त्यन्त फितलो छ भन्न सकिन्छ।

घोषणाको प्रभावकारी कार्यान्वयन गर्न के गर्नुपर्ला त ?

राज्यले भएका संवैधानिक तथा कानुनी व्यवस्थालाई नै प्रभावकारी रूपमा कार्यान्वयन गरिदिए मात्र पनि सकारात्मक प्रभाव देखिन सक्छ। यसका लागि घोषणा कार्यान्वयनको 'रोडम्याप' बनाएर काम गर्नुपर्छ। जातीय विभेद दण्डनीय अपराध हो भन्ने बोध स्कुल, कलेजदेखि समुदायका सबैमा गराउन सक्नुपर्छ। दलहरूले पनि आफ्ना नेता, कार्यकर्तामा पनि विभेद दण्डनीय अपराध हो भन्ने बोध गराउनुपर्छ। प्रहरीदेखि सरकारी वकिलसम्मलाई जातीय छुवाछुत तथा विभेदसम्बन्धी मुद्दामा गम्भीरता देखाउन विशेष सचेतना दिलाउनु जरुरी छ। साथै, यससम्बन्धी अनुसन्धान, अभियोजन गर्न 'स्पेसल टास्क फोर्स' गठन गर्न पनि सकिन्छ।

प्रेरक प्रसंग

चिकित्सकको सेवा

एक चिकित्सक हतारहतार अस्पतालमा प्रवेश गरे। उनलाई कुनै दुर्घटनाका कारण आकस्मिक रूपमा बोलाइएको थियो। दुर्घटनाका घाइतेका आफन्तजन उनको प्रतीक्षामा थिए। चिकित्सकलाई देख्नासाथ घाइते युवकका पिताले भने- तपाईंहरू ड्युटी किन पूरा गर्नुहुन्न ? यहाँ आउन किन यति धेरै समय लगाउनुभयो ? मेरो छोरालाई केही भयो भने त्यसको जिम्मेवार तपाईं हुनुहुन्छ, बुझ्नुभयो ?

चिकित्सकले विनम्रतापूर्वक भने- म माफी चाहन्छु। म अस्पतालमा थिइनँ। जब अस्पतालबाट कल आयो, तब सम्भव भएसम्म छिटो आइरहेको छु। कृपया ! तपाईंहरू शान्त रहनुहोस्। घाइते युवकका पिताले जर्गिँदै भने- शान्त रहनुस् रे ? के मेरो छोराको स्थानमा तपाईंको आफ्नो छोरो भएको भए तपाईं शान्त बस्न सक्नुहुन्थ्यो ? यदि कसैको लापरबाहीका कारण तपाईंको आफ्नो छोराको मृत्यु भएको भए तपाईं के गर्नुहुन्थ्यो ? 'भगवान्ले चाहनुभयो भने सबै ठिक हुन्छ। तपाईंहरू प्रार्थना गर्दै गर्नुहोस्।' यति भनेर चिकित्सक अप्रेसन कक्षभित्र प्रवेश गरे। युवकका पिता अझै भुतभुताउँदै थिए- सल्लाह दिन सजिलो छ। तर, जसले यस्तो घटना झेल्नुपर्छ, उसैलाई थाहा हुन्छ, यसको पीडा। करिब डेढ घण्टापछि चिकित्सक अप्रेसन कक्षबाट बाहिर निस्किए र हल्का मुस्कुराउँदै भने- भगवान्लाई धन्यवाद छ। तपाईंका छोरा अब खतरामुक्त हुनुहुन्छ। युवकका आफन्तजन खुसी भए। उनीहरू चिकित्सकलाई थप प्रश्न सोध्न थाले। ऊ कहिलेसम्म पूरै ठिक हुन्छ ? उसलाई डिस्चार्ज कहिले गर्नुहुन्छ ?

तर, बाँकी प्रश्न नर्सलाई सोध्नू भन्दै चिकित्सक जसरी हतारहतार आएका थिए, त्यसैगरी हतारहतार बाहिरिए। 'यी चिकित्सक किन यति घमन्डी छन् ? यिनलाई यस्तो के चटारो परेको छ र हाम्रो प्रश्नको जवाफसम्म नदिई निस्किए ?' युवकका पिताले नर्ससित सोधे। नर्सले आँखाभरि आँसु पारेर भनिन्- आज बिहान मात्र डाक्टरसाबका एक मात्र छोराको दुर्घटनामा परेर मृत्यु भयो। हामीले कल गर्दा उहाँ छोराको अन्तिम संस्कार गर्दै हुनुहुन्थ्यो। तर, कल पाउनासाथ उहाँ अन्तिम संस्कार रोकेर यहाँ आउनुभयो। त्यसैले, अहिले छोराको अन्तिम संस्कारका लागि जानुभएको हो। नर्सको जवाफ सुनेपछि घाइते युवकका पिता र आफन्तका आँखा आँसुले डम्म भरिए र उनीहरूलाई आफूले निकै ठुलो गल्ती गरेको महसुस भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यातायात सेवामा सुधार गर

हाम्रो देशमा यातायात सेवामा तीव्र सुधारको खाँचो छ। यसका लागि सर्वप्रथम यातायात क्षेत्रमा उनीहरूले दिने सेवाका आधारमा तिनको वर्गीकरण गर्नु जरुरी देखिन्छ। अब मानिसको यात्रामा सेवा दिने साधन, सरसामान बोक्ने साधन, विवाह, भोजभतेरमा प्रयोग हुने साधन, कर्मचारी सेवामा प्रयोग हुने साधन र नेतृत्वका कामकारबाहीमा जाने साधन आदिमा विभाजन गर्नुपर्ने देखिन्छ। सार्वजनिक यातायातका साधन किन्नका लागि कुनै कर नलाग्ने व्यवस्था गरी उसले खरिद गर्दा तोकेबाहेक अन्यत्र सेवा दिन नपाइने व्यवस्था गरेर लगातार सेवामा लगाउने व्यवस्था पनि मिलाउनुपर्छ। कुनै पनि यातायातका साधनले के काम गर्न पाइने र के काम गर्न नपाइने भनी प्रस्ट रूपमा तोकी त्यसमा कडाइसाथ अनुगमन गर्नु जरुरी छ।

● हेमकुमार थापा, भक्तपुर
hemkth65@gmail.com

ठुलालाई भाषा सिकाउने कसले ?

पछिल्ला केही दिनयता एमाले अध्यक्ष तथा प्रधामन्त्री केपी ओली र एमालेका केही नेताका सामाजिक सञ्जालमा एकाएक आफ्नो फोटो राखेर 'म झोले हो' भनेर लेख्ने अभियान चलेको देखियो। नेताहरूले जेसुकै लेखून्, हामीलाई मतलव भएन। तर, उनीहरूले 'म झोले हुँ' भनेर लेख्नुपर्नेमा 'म झोले हो' लेखिरहेका छन्। यसरी भाषा बिगार्ने ठुलाबडालाई सिकाउने कसले हो ? के यिनले चाहिँ भाषा शुद्ध लेख्न जान्नुपर्दैन ?

● मुक्ता शर्मा
कमलपोखरी, काठमाडौं

राइड सेयरिङ नहटाऊ

सार्वजनिक यातायातका मालिक आफ्नो सिन्डिकेट तोडिने भयले यातायात बन्द गरेर हडतालमा उत्रिएका हुन्। जसले जेसुकै भने पनि यातायात क्षेत्रमा व्यवसायीले ब्रह्मलुट मच्चाइरहेका छन्। पछिल्लो समयमा राइड सेयरिङको सञ्जाल र राइडरको संख्यामा तीव्र वृद्धिसँगै उनीहरूको त्यस्तो सिन्डिकेटको राज डगमगाउन थालेको थियो। त्यसैले, अहिले उनीहरू सरकारलाई झुकाउन हडतालमा उत्रेका हुन्। जसले जेसुकै भने पनि सरकारले हाल चलिरहेको राइड सेयरिङ बन्द नगरोस्।

● मुना मुल्मी
बुद्धनगर, काठमाडौं

विद्यालयमा अंग्रेजी बोल्नैपर्ने हो ?

सुन्दा अचम्म लाग्छ, नेपालका संस्थागत विद्यालयमा अंग्रेजी अनिवार्य बोल्नुपर्ने र नबोलेमा जरिवाना तिर्नुपर्ने यो कस्तो नियम हो ? आफ्नो राष्ट्रिय भाषालाई प्रोत्साहन गर्ने कि विदेशी अंग्रेजी भाषालाई ? यहाँनेर अंग्रेजी जान्नै हुँदैन भन्न खोजेको होइन, तर त्यसलाई नेपाली भाषाभन्दा बढ्ता प्राथमिकतामा राखेको देख्दा अचम्म लागेको मात्र हो। केटाकेटीले अंग्रेजी बोल्दा घरमा आमाबा मक्ख पर्ने, अंग्रेजी बोलेन भने त्यत्रो पैसा तिरेर सन्तानलाई निजी विद्यालयमा पढाएको त्यत्तिकै खेर गयो भन्ने गुनासो गर्छन्।

हाम्रा कलिला नानीबाबुलाई आफ्नो धर्म, संस्कृति र रीतिरिवाज सिकाउने कि पश्चिमा संस्कृति ? अहिले निजी विद्यालयमा १२ कक्षामा पढ्ने विद्यार्थीले राम्रोसँग नेपाली लेख्न जान्दैन। यो हाम्रा लागि दुःखको कुरा होइन र ? अन्य विकसित देशमा अंग्रेजी नबोले पनि चल्छ। हाम्रोमा चाहिँ अंग्रेजी सिक्नैपर्ने गरी विद्यार्थीलाई किन दबाब दिइन्छ ? जापानका विद्यार्थीलाई अंग्रेजी नबोल्दा हुने, चीनका विद्यार्थीले अंग्रेजी नजान्दा चल्ने, तर हाम्रोमा भने जबर्जस्ती अंग्रेजी लाद्नुको अर्थ के हो ? हाम्रो भाषा बलियो बनाउने कि अर्काको भाषामा निर्भर हुने ?

सम्मानित सर्वोच्च अदालतले केही दिनअघि निजी विद्यालयलाई अंग्रेजी भाषा बोल्न अनिवार्य नगर्न अन्तरिम आदेश जारी गरेको छ। कानुनले जे भने पनि निजी विद्यालयले यसलाई मान्नेवाला छैनन्। आफ्नो राष्ट्रिय भाषालाई प्राथमिकता देऊ भनेर सर्वोच्च अदालतले आदेश दिनुपर्ने हो र ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

विश्व जनसंख्याको वास्तविकतामाथि प्रश्न

स्रोतको जिम्मेवारीपूर्ण उपयोग र दिगो प्रविधिको विकास भए पृथ्वीले जनसंख्या वृद्धिको तीव्र दबाब पनि सहन सक्छ



देश / विदेश

● जोनाथन केनेडी

राष्ट्र संघका अनुसार हाल विश्वको जनसंख्या आठ अर्ब २० करोडभन्दा बढी पुगेको छ। तर, हालैको एक अध्ययनले विश्वको जनसंख्या राष्ट्र संघको तथ्यांकभन्दा सम्भवतः अर्बौंले बढी हुन सक्ने देखाएको छ। यस्तो चिन्ता तथ्यांकभन्दा बढी शक्ति संघर्ष, जीवनको मूल्य र भविष्यप्रतिको दृष्टिकोणसँग जोडिएको हुन्छ। १९औँ शताब्दीको सुरुमा विश्व जनसंख्या एक अर्ब थियो। त्यसपछि जनसंख्या तीव्र गतिमा बढ्दै सन् १९२५ मा दुई अर्ब, सन् १९७५ तिर चार अर्ब र १५ नोभेम्बर २०२२ मा आठ अर्ब पुगेको घोषणा भयो। राष्ट्र संघको गणनामा ग्रामीण क्षेत्रको तथ्यांक अधुरो हुँदा वास्तविक जनसंख्या अर्बौंले बढी हुन सक्ने फिनल्यान्डको अल्टो विश्वविद्यालयको अध्ययनले देखाएको छ।

धेरैले पृथ्वीमा आठ अर्ब मानिस टिकाउन सम्भव छैन भन्छन्। जनसंख्या वृद्धिलाई विश्व समस्याको मूल कारण ठानिन्छ। तर, यस्तो चिन्ता नयाँ होइन। सन् १९८८ मा लेखक आइज्याक आसिमोभले जनसंख्या वृद्धिको असर बुझाउन 'बाथरुम रूपक' प्रयोग गरेका थिए, जसअनुसार धेरै मानिस एउटै घरमा हुँदा बाथरुम प्रयोगको स्वतन्त्रता र सुविधा घट्छ। उनका अनुसार जनसंख्या वृद्धि केवल स्रोतमा दबाब मात्र नभई स्वतन्त्रता, मर्यादा र जीवनको मूल्यमा पनि गिरावट ल्याउने प्रक्रिया हो।

१९औँ शताब्दीको सुरुमा जब पृथ्वीमा जनसंख्या एक अर्बभन्दा कम थियो, त्यतिबेला बेलायती अर्थशास्त्री थोमस माल्थसले मानव संख्या उपलब्ध स्रोतभन्दा धेरै भइसकेको निष्कर्ष निकालेका थिए। प्रविधिले खाद्य उत्पादनमा क्रान्ति ल्याउने सम्भावना नदेखे पनि उनका विचार लोकप्रिय भए। जनसंख्या वृद्धिसँगै विनाशको भविष्यवाणी गर्ने आवाज चर्किँदै गयो। सन् १९६८ मा पल र एनी एर्लिचको चर्चित पुस्तक 'द पप्युलेसन बम'ले यो चिन्ता उत्कर्षमा पुऱ्यायो। 'मानवजातिको पोषणको लडाइँ सकिएको छ, सन् १९७० को दशकमा अर्बौं मानिस भोकमरीबाट मर्नेछन्' भनेर पुस्तकमा लेखिएको थियो।

यी त्रासदीपूर्ण भविष्यवाणीकै आधारमा सरकार र अन्तर्राष्ट्रिय संस्थाले कठोर कदम चाल्न सुरु गरे। उन्नत देशमा प्रजनन दर पहिले नै घटिरहेको हुँदा ती प्रयास मुख्यतः अफ्रिका र विशेषगरी एसियामै केन्द्रित भए। अमेरिकी विकास सहायता निकाय युएसएडले त्यसवेला 'विकासशील देश' भनिने ठाउँमा परिवार योजना कार्यक्रममा लगानी गऱ्यो। सन् १९७० को दशकको मध्यतिर त्यहाँ भएको संकटकालका समयमा भारतमा लाखौँ पुरुषको बन्ध्याकरण गरियो। सन् १९७९ मा चिनियाँ कम्युनिस्ट पार्टीले एक सन्तान नीति लागू गऱ्यो र केही वर्षपछि ठुलो मात्रामा बन्ध्याकरण अभियान चलायो, जसमा मुख्य रूपमा महिला तारो बने।

आज पनि धेरै मानिस जनसंख्या वृद्धिलाई लिएर चिन्तित छन्। तर, अब उनीहरूको प्रलयको कल्पना जलवायु परिवर्तन, स्रोतको समाप्ति र जैविक विविधताको ह्रासमा केन्द्रित देखिएको छ। उपभोगको स्तरमा ठुलो असमानता देखिए पनि जनसंख्या नियन्त्रणका प्रयास अझै पनि बहुसंख्यक विश्व अर्थात् दक्षिणी गोलार्द्धमा केन्द्रित छन्। उदाहरणका लागि औसत अमेरिकीले औसत सोमालीभन्दा तीन सय ६० गुणा बढी कार्बन उत्सर्जन गर्छ, तैपनि चासो विश्वका गरिब देशका जनसंख्यामा हुन्छ।

सौभाग्यवश, भारत, चीनलगायत अन्य देशमा अघिल्लो समय अपनाइएका बलात् जनसंख्या नीति अब इतिहास भइसकेका छन्। अहिलेको दृष्टिकोण महिलाको सशक्तीकरणमा आधारित छ, जसले प्रजनन दर घटाउन प्रभावकारी भूमिका खेलेको छ। सन्



तस्बिर : अल्ताफ कादरी/एपी

१९६० मा प्रतिमहिला पाँच सन्तानको औसत थियो, अहिले यो २.३ मा झरेको छ र सन् २१०० सम्ममा १.८ मा झर्ने अनुमान छ। राष्ट्र संघका अनुसार सन् २०८० को दशकमा जनसंख्या १० अर्ब ३० करोडमा पुगेर स्थिर हुनेछ, त्यसपछि घट्न थाल्नेछ। जनसंख्या वृद्धि अब माल्थसले चिन्ता गरेजस्तो गम्भीर संकट होइन। यदि स्रोतको जिम्मेवार उपयोग र दिगो प्रविधिको विकास गरियो भने पृथ्वीले जनसंख्याको दबाब सहन सक्छ।

आसिमोभको बाथरुम रूपकमा फर्किंदा धेरै मानिसले थोरै बाथरुम साझा गर्दा अवस्था असहज हुन्छ। तपाईंले चाहेको वेला नुहाउन पाउनुहुन्न, अनि नुहाउनुपऱ्यो भने पनि छिटो सक्नुपर्ने हुन्छ। तर, यस्तो अवस्था कुनै पनि हिसाबले सभ्यताको अन्त्य होइन। वास्तवमा सहमति र बाँडफाँड गरेर बाँच्नु नै धेरै मानिसको 'सुखी जीवन'को कल्पनासँग नजिक हुन्छ, अर्थात् यसको आधार 'जे चाह्यो, जतिवेला चाह्यो गर्ने स्वतन्त्रता' भन्ने होइन।

जनसंख्या वृद्धिको दर क्षेत्रअनुसार फरक देखिन्छ। अधिकांश धनी देशमा जन्मदर प्रतिस्थापन स्तरभन्दा तल झरिसकेको छ। आउँदो तीन दशकमा अफ्रिकाले विश्व जनसंख्या वृद्धिको आधा हिस्सा ओगट्नेछ, बाँकी एसिया र ल्याटिन अमेरिकाबाट हुनेछ। इतिहासकार एलिसन बासफोर्डका अनुसार जनसंख्या चिन्ता प्रायः धेरै मानिस नभई 'गलत प्रकारका मानिस'प्रति हुने भय हो। युरोप र अमेरिकाका जातीय-राष्ट्रवादीले जन्मदर असमानतालाई 'पश्चिमा सभ्यता'का लागि खतरा मान्छन्। तर, केही दशकपछि ती वृद्ध समाजले आप्रवासीकै सहारामा कर तिर्ने, सेवा दिने जनशक्ति पाउनेछन्। र, विकल्प खोजिन्छ भने भयावह अवस्था निम्तिनेछ।

आसिमोभको रूपकलाई विस्तार गर्दा दक्षिणपन्थी लोकरिझ्याइँवादीहरूले 'बाथरुम अपार्टाइड (विभेद)' को वकालत गर्छन्। उनीहरू 'एन्सुइट आइसोलेसनिस्ट' हुन्, जो निजी बाथरुममा विशेषाधिकार कायम राख्न चाहन्छन् र फ्ल्याटका बाँकी १९ जनालाई एउटै बाथरुम साझा गर्न बाध्य पार्छन्। सुरुमा त उनीहरूलाई यो फाइदाजनक लाग्न सक्छ, तर छिट्टै समस्या देखिन थाल्छ, अर्थात् साझा बाथरुम जाम हुँदा फोहोर फैलिन सक्छ वा अरूले निजी बाथरुम कब्जा गर्न सक्छन्। र, अन्ततः जब उनीहरू वृद्ध र अशक्त हुन्छन्, तिनको हेरचाह गर्ने कोही बाँकी रहँदैन।

(केनेडी क्विन मेरी विश्वविद्यालयमा राजनीति एवं वैश्विक स्वास्थ्य अध्यापन गर्छन्)
द गार्डियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ली जे–म्युङ दक्षिण कोरियाका राष्ट्रपति बन्ने एक्जिट पोलको प्रक्षेपण



मंगलबारको चुनावपछि जारी एक्जिट पोलले ली जे-म्युङ दक्षिण कोरियाको नयाँ राष्ट्रपति बन्ने पक्का भएको बताएका छन् । डिसेम्बरमा पूर्वराष्ट्रपति युन सुक येओलले सैन्य कानुन घोषणा गरेपछि उनलाई महाभियोगबाट हटाइएको थियो । त्यसपछि नयाँ राष्ट्रपति चुन्न मंगलबार दक्षिण कोरियामा आकस्मिक चुनाव आयोजना गरिएको थियो । आकस्मिक निर्वाचनबाट चुनिएकाले लीको कार्यकाल बुधबारदेखि नै सुरु हुनेछ । यसअघि सत्ता हस्तान्तरणका लागि दुई महिनाको संक्रमणकाल हुने गर्थ्यो ।

एसियाको चौथो ठुलो अर्थतन्त्रमा मंगलबारको निर्वाचन सकिएपछि प्रसारण संस्था एमबिएनले जारी गरेको एक्जिट पोलमा डेमोक्र्याटिक पार्टीका उम्मेदवार लीले ४९.२ प्रतिशत मत पाउने र उनका निकटतम प्रतिद्वन्द्वी रुढिवादी उम्मेदवार किम मुन-सूले ४१.७ प्रतिशत मत पाउने प्रक्षेपण गरेको छ । त्यस्तै अन्य तीन प्रसारण संस्थाले गरेको संयुक्त एक्जिट पोलले पनि लीले ५१.७ प्रतिशत मत पाउने र किमले ३९.३ प्रतिशत मत पाउने देखाएको छ ।

दक्षिण कोरियाको राष्ट्रपति कार्यालय 'ब्लु हाउस'मा पुग्न विगतमा दुई असफल प्रयास गरिसकेका ६१ वर्षीय ली पेसाले मानव अधिकार वकिल हुन् । उनले डिसेम्बरमा युनले मार्सल ल घोषणा गरेपछि युनविरुद्धको अयिभानको नेतृत्व गरेका थिए । संसद्ले केही घण्टामै युनको घोषणा उल्ट्याएपछि दक्षिण कोरियामा दशकयताकै सबैभन्दा ठुलो राजनीतिक संकट सुरु भएको थियो ।

त्यसबाहेक दक्षिण कोरियाले सुस्त अर्थतन्त्र, ट्रम्पको व्यापार युद्ध र उत्तर कोरियाले निम्त्याएको आणविक खतरालगायत सामना गरिरहेको छ । र, युनको कदमपछि देशमा गहिरिएको विभाजनले लीलाई उनको एकल पाँचवर्षे कार्यकालमा पछ्याउने अपेक्षा गरिएको छ ।

युनलाई हटाउन विपक्षी नेतृत्वको अभियानको नेतृत्व गर्ने ली आफैँमा दक्षिण कोरियाली राजनीतिमा विवादित व्यक्तित्व हुन् । उनीमाथि पहिलेदेखि घुसखोरी र सम्पत्ति विकास काण्डमा संलग्न भएको आरोपसहित आपराधिक मुद्दा चलिरहेको छ । अदालतले उनलाई मुद्दाको अन्तिम सुनुवाइ नभएसम्म राष्ट्रपति पदमा प्रतिस्पर्धा गर्न अनुमति दिएपछि उनी चुनावमा उत्रिएका थिए । लीले भने आफूमाथि लागेका सबै आरोप अस्वीकार गर्दै राजनीतिक रूपमा प्रेरित उत्पीडनको रूपमा वर्णन गरे ।

गरिब घरपरिवारमा हुर्केका र बाल्यकालमा कारखानामा श्रम मजदुरी गरेका ली उग्र प्रगतिशील विचारका लागि चिनिन्थे । तर, पछिल्लो समय उनले आफ्ना नीतिलाई मत्थर देखाउने प्रयास गरे । उनले विदेश मामिलामा व्यावहारिक हुने वाचा गरेका छन् । यसअन्तर्गत अमेरिकासँग दक्षिण कोरियाको गठबन्धनप्रति प्रतिबद्धता व्यक्त गरेका छन् ।

तथापि, उनी उत्तर कोरियाप्रति युनको टकरावपूर्ण दृष्टिकोणबाट टाढिँदै प्योङयाङसँग पुनः संलग्न हुन चाहन्छन् । तथापि, उत्तर कोरियाली नेता किम जोङ-उनसँग छिटो शिखर सम्मेलन पुनः सुरु हुन 'धेरै गाह्रो' हुने उनले स्विकारेका छन् ।

- एजेन्सी

इतिहासमा आज

जुन ४





सन् १९१३ : महिलाको मताधिकारकी अभियन्ता इमली डेभिडसन आफ्नो माग व्यापक बनाउन घोडादौड खेल भइरहेको 'रेसकोर्स'मा कुदिन् । दौडमा कुदिरहेको बेलायतका राजा जर्ज पाँचौँको घोडाले ठक्कर दिएपछि उनको निधन भयो । यस घटनापछि महिला मताधिकारको मुद्दाको बहस व्यापक बनेको थियो ।

सन् १६४७ : इंग्ल्यान्डमा जारी गृहयुद्धका क्रममा संसदीय फौजले राजा चार्ल्स प्रथमलाई कब्जामा लियो । राजा पक्राउ परेपछि संसदीय र शाही सेनाबिचको युद्ध थप चर्कियो ।

सन् १७८३ : जोसेफ र ज्याक मोन्टगोल्फरले पहिलो हट एअर बेलुन उडानको प्रदर्शन गरे । मानवरहित सो बेलुन १० मिनेट उडेर करिब २००० मिटर उचाइमा पुगेको थियो ।

सन् १८७८ : अटोमन साम्राज्य (हालको टर्की)ले साइप्रसलाई प्रशासनिक प्रयोजनका निम्ति बेलायतलाई हस्तान्तरण गर्‍यो । दैनिक प्रशासन बेलायतको भए पनि भूमि अझै टर्कीकै हुने गरी सम्झौता भएको थियो ।

सन् १९१२ : अमेरिकामा म्यासाचुसेट राज्य न्यूनतम ज्याला तोक्ने पहिलो राज्य बन्यो ।

सन् १९१९ : अमेरिकाको सिनेटले महिलालाई मताधिकार प्रदान गर्न संविधानको १९औँ संशोधन पारित गर्‍यो । आवश्यक (३६) राज्यद्वारा अनुमोदन भएपछि अर्को वर्ष अगस्ट १८ मा यो संविधानको हिस्सा बन्यो ।

सन् १९४० : दोस्रो विश्वयुद्धमा फ्रान्समाथि नाजी जर्मनीको कब्जा भएपछि बेलायतले फ्रान्समा रहेका आफ्ना तीन लाख ४० हजार फौजलाई सफतापूर्वक देश फिर्ता गर्‍यो । यस अभियानलाई इतिहासमा 'मिराकल अफ डनकिर्क'का नामले चिनिन्छ ।

सन् १९४६ : हुवाँ पेरोन अर्जेन्टिनाका राष्ट्रपति बने । पेरोन राष्ट्रपति बनेपछि अर्जेन्टिनामा उदाएको पेरोनवादी राजनीतिक विचारधारा आजको दिनसम्म त्यहाँको राजनीतिमा हाबी छ ।

सन् १९८९ : प्रजातन्त्रको माग गर्दै अप्रिल १५ देखि बेइजिङको चर्चित तियानमेन चोकमा प्रदर्शन र धर्ना गरिरहेका प्रदर्शनकारीविरुद्ध चिनियाँ सेनाले कारबाही सुरु गर्‍यो । कारबाहीका क्रममा सयौँ प्रदर्शनकारी मारिनुका साथै हजारौँ पक्राउ परेका थिए ।

सन् २०२४ : नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) आम चुनावमा पहिलो दल भए पनि यसअघिको बहुमत गुमायो ।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२१

यस **टुंडिखेल सा.व.उ.स., मरिण गा.पा. १ र २, सिन्धुली**बाट आ.व. **२०८१/०८२** मा उत्पादन भई **दौतरी भ्याङ, मरिण गा.पा. २**, सिन्धुलीमा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल** जातको गोलिया थान **१५३** को **१६५०.८६** क्यू.फि. गोलिया काठ र **२.५०** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री टुंडिखेल सा.व.उ.स., मरिण गा.पा.- १ र २, सिन्धुली

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२१

यस **जनप्रगती सा.व.उ.स., मरिण गा.पा. ३, सिन्धुली**बाट आ.व. **२०८१/०८२** मा उत्पादन भई **नक्कली दोभान, मरिण गा.पा. ३**, सिन्धुलीमा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल** जातको गोलिया थान **१५४** को **१७६१.२४** क्यू.फि. गोलिया काठ र **२.००** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री जनप्रगती सा.व.उ.स., मरिण गा.पा.- ३, सिन्धुली

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गारिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
२.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल बिर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमश: ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
३.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
४.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमशः ०-१५-२-०, २-८-०-० २०-१०-०-० (रोपनी) को जग्गा।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमशः ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा।
६.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २९५, १९५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमशः ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।
७.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४९०, ३२५७ र ३२६५ को क्षेत्रफलक्रमशः ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५ र ७८७.३५ (व.मि) को जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. १ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. २ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. ३ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map




तपसिल नं. ४ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map




तपसिल नं. ५ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. ६ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. ७ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पत्तिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पति पून: लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०२/२१)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने, धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा पूनः यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०२/२८ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

ऋणी तथा धितो जमानीकर्ताको विवरण:

शाखा कार्यालय: लालबन्दी, सर्लाही

१. ऋणीको नाम : औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार (प्रदेश नं.२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही मलंगवामा उद्योग दर्ता नं. १०३७४/०७७/०७८ मिति २०७७/१२/११ मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय जनकपुर, करदाता सेवा कार्यालय मलंगवा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१५६३८९७५ भएको सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ७ स्थित **सिधान्त बहुउदेश्य कृषि तथा पशुपलान फर्म ।**

प्रोप्राइटरको विवरण: दिपलाल राय दनुवारकी बुहारी, कुसुमलाल ठाकुर सिहंकी छोरी, संजय कुमार सिंहकी पत्नी, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ७ भई हाल चन्द्रनगर गा.पा. वडा नं. ७ बस्ने **अर्चना देवी दनुवार** (ना.प्र.नं. १९३०४२/३४४ जि.प्र.का. सर्लाही, जारी मिति २०६३/११/१७)

व्यक्तिगत तथा धितो जमानतकर्ता: गनपत रायको नाति, दिपलाल राय दनुवारको छोरा, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ७ भई हाल चन्द्रनगर गा.पा. वडा नं. ७ बस्ने **संजय कुमार सिंह** (ना.प्र.नं. १८६५२३८५, जि.प्र.का. सर्लाही, जारी मिति २०५७/०२/२२)

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **धितो जमानतकर्ता संजय कुमार सिंहको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स./न.पा वडा नं.७ नक्सा सीट नं. ७ग स्थित कित्ता नं. १०३६ को क्षेत्रफल ०-१६-२-१० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

शाखा कार्यालय: पुतलीसडक, काठमाडौं

१. ऋणीको नाम : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ७०८३३/०६६/०६७, मिति २०६६/११/१३ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व विभाग, महाराजगंज पान नं. ३०४१७२१९१ भएको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४, कलंकी स्थित **श्री ब्रिटिस एण्ड अनुभवी कन्स्ट्रक्सन कम्पनी प्रा.लि ।**

सञ्चालक, व्यक्तिगत तथा धितो जमानतकर्ताहरु:

क) देव नारायण श्रेष्ठको नाति, गौरी नारायण श्रेष्ठको छोरा, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने **जीत बहादुर श्रेष्ठ** (ना.प्र.नं. ५-१४३/२७२६/८४, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०४८/०८/२२)

ख) देव नारायण श्रेष्ठको नाति, श्री गौरी नारायण श्रेष्ठको छोरा, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १४, नयाँ नैकाप बस्ने **हर्क बहादुर श्रेष्ठ** (ना.प्र.नं. २४८१, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०५४/०८/०९)

सञ्चालक तथा व्यक्तिगत जमानतकर्ता: देव नारायण श्रेष्ठको नाति, श्री गौरी नारायण श्रेष्ठको छोरा, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, का.म न.पा. वडा नं.३२ बस्ने **निर कुमार श्रेष्ठ** (ना.प्र.नं. ४००९३/१६२/०४४, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०५७/०३/२८) ।

व्यक्तिगत जमानतकर्ताहरु :*

क) गौरी नारायण श्रेष्ठको बुहारी, निर कुमार श्रेष्ठको पत्नी, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने **भावना श्रेष्ठ** (ना.प्र.नं. १३१०४७/९७, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०६५/०४/१७) ।

ख) गौरी नारायण श्रेष्ठको बुहारी, जीत बहादुर श्रेष्ठको पत्नी, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, का.म न.पा. वडा नं. ३२ बस्ने **कल्पना श्रेष्ठ** (ना.प्र.नं..३०३००/२५१०, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०५७/०१/४) ।

ग) गौरी नारायण श्रेष्ठको बुहारी, हर्क बहादुर श्रेष्ठ श्रेष्ठको पत्नी, ओखलढुङ्गा जिल्ला कटुन्जे गा.पा/न.पा. वडा नं. ०६, भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं.१४, नयाँ नैकाप बस्ने **गीतामाया श्रेष्ठ** (ना.प्र.नं..३०८१३/२०४३, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०५७/०२/२४) ।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी कम्पनिका संचालक तथा जग्गाधनि जीत बहादुर श्रेष्ठ र हर्क बहादुर श्रेष्ठको संयुक्तमा नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम भएको काठमाडौं जिल्ला, का.म.न.पा./गा.पा. वडा नं. ३५, नक्सा सीट नं. १०२११४९११ स्थित कित्ता नं. ३९१ को क्षेत्रफल ९५.३७ बर्गमिटरको घरजग्गा/जग्गा (व.मि.) जग्गा, सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात ।

शाखा कार्यालय: विर्तामोड, झापा

१. ऋणीको नाम : मान बहादुर विश्वकर्माको नाति भिम बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला, बाहुनडांगी न.पा./गा.पा. वडा नं. ७ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **प्रकाश विश्वकर्मा** (ना.प्र.नं. ०५३१, ४२२९, जि.प्र.का. झापा, जारी मिति २०५२/०५/२५) ।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * भिम बहादुर विश्वकर्माको बुहारी, प्रकाश विश्वकर्माको पत्नी, झापा जिल्ला, बाहुनडांगी न.पा./गा.पा. वडा नं. ७ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **निर्मला विश्वकर्मा** (ना.प्र.नं. ०४१००१/५६२, जि.प्र.का. झापा, जारी मिति २०६५/०८/१८) ।

व्यक्तिगत जमानतकर्ता : * भिम बहादुर विश्वकर्माको नाति, प्रकाश विश्वकर्माको छोरा, झापा जिल्ला, मेचिनगर न.पा./गा.पा. वडा नं. १ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **अनिष बराइली** (ना.प्र.नं. ०४-०१-७६-१०१५२, जि.प्र.का. झापा, जारी मिति २०७६/०८/०१) ।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता निर्मला विश्वकर्माको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं./नक्सा सिट नं. ३, स्थित कित्ता नं. ८८४६ को क्षेत्रफल ०-४-८ (बि.क.धु.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय: बर्दिबास, महोत्तरी

१. ऋणीको नाम : गुलजारीको नाति, राम भरोस चौधरीको छोरा, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ भई हाल औरही न.पा./गा.पा. वडा नं. १ बस्ने **बेचु कुमार चौधरी** (ना.प्र.नं. १८२०६४/४१०, जि.प्र.का. महोत्तरी, जारी मिति २०६९/०१/२१)

व्यक्तिगत जमानतकर्ता : * गुलजारीको नाति, राम भरोस चौधरीको छोरा, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ भई हाल औरही न.पा./गा.पा. वडा नं. १ बस्ने **राज कुमार चौधरी** (ना.प्र.नं. १८२०६४/१०६४, जि.प्र.का. महोत्तरी, जारी मिति २०७२/०१/२८) ।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण: यस बैंकको नाममा दर्ता कायम रही ऋणी **बेचु कुमार चौधरी** जनिएको मोडेल V.BREZZA ZXIT च्यासिस नं. MA3NYFJ1SMC750272 इन्जिन नं. K15BN4117236 भएको सवारी **दर्ता नं. बा. प्र-०१-०२५ च २६९५** को सवारी साधन थान १ ।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

पुनश्च: बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असूली विभागमा सम्पर्क राख्न सकिने छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २१ जेठ ०८२

नेपालमा लम्बिन थाल्यो पर्यटकको बसाइ अवधि

एकजना पर्यटकले सरदर १३.३० दिन बिताउन थालेको सरकारी तथ्यांक

पवन तिमिल्सिना/नयाँ पत्रिका



नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको बसाइ अवधि लम्बिन थालेको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२४ मा प्रतिपर्यटक सरदर बसाइ अवधि १३.३० दिन पुगेको छ। सन् २०२३ मा पर्यटकको बसाइ अवधि १३.२० दिन थियो। यो औसत बसाइ अवधि पछिल्लो तीन वर्षयताकै बढी हो। यसअघि सन् २०२१ मा यस्तो बसाइ अवधि १५.५० दिन थियो।

यो तथ्यांकमा स्थलमार्गबाट आएका भारतीय पर्यटकको आगमन संख्या समावेश छैन। मन्त्रालयअनुसार सन् २०२४ मा एक लाख २३ हजार ६ सय ११ जना स्थलमार्गबाट आएका थिए भने हवाईमार्गबाट १० लाख २३ हजार नौ सय ३७ जना भित्रिएका थिए। कुल ११ लाख ४७ हजार पाँच सय ४८ जना पर्यटक आगमन भएका थिए। सन् २०२३ को तुलनामा १३.०७ प्रतिशतले बढी पर्यटक नेपाल भित्रिएका हुन्।

२०२४ मा विभिन्न देशबाट करिब साढे ११ लाख पर्यटक नेपाल घुम्न आएका थिए। यो संख्या अघिल्लो वर्ष २०२३ को तुलनामा १३ प्रतिशतभन्दा बढी हो।

सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ पर्यटक नेपाल भित्रिएको पर्यटन बोर्डको तथ्यांक छ। वर्षको अन्तिम महिना डिसेम्बरमा ९३ हजार पर्यटक नेपाल भित्रिएका छन्।

विगतका वर्षको तुलनामा सन् २०२४ मा पर्यटक आगमन बढे पनि यो सरकारी लक्ष्यअनुसार भने होइन। सो वर्ष १२ लाख (सन् २०१९ भन्दा धेरै) पर्यटक नेपाल भ्रमणमा आउने सरकारको आकलन थियो। कोभिडअघि सन् २०१९ मा हालसम्मकै उच्च ११ लाख ९७ हजार एक सय ९१ पर्यटक नेपाल भित्रिएका थिए।

२०२४ मा युरोपियन र अमेरिकी पर्यटक आगमन बढ्यो। तर, भारतीय र चिनियाँ पर्यटक आगमन उत्साहप्रद देखिएन। कोभिडपछि नेपाल भ्रमणमा आउने चिनियाँ अपेक्षित रूपमा बढ्न सकेका छैनन्। कोभिडअघि भारतपछि सबैभन्दा धेरै पर्यटक घुम्न आउने देशमा चीन दोस्रो थियो। तर, अहिले अमेरिकन पर्यटकले पछाडि पारेपछि चिनियाँ तेस्रो नम्बरमा छन्।

सन् २०२४ मा पहिलो महिना जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मार्चमा एक लाख २८ हजार एक सय ६७, अप्रिलमा एक लाख ११ हजार तीन सय ७६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६, जुलाईमा ६४ हजार पाँच सय ९९, अगस्टमा ७२ हजार सात सय १७, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक र डिसेम्बरमा करिब ९३ हजार (अनुमानित) पर्यटक नेपाल घुम्न आएका छन्।



लगानी मोडेलमै अल्झियो राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत्

अब पिपिपी मोडेलमा बनाउने प्रस्ताव, ५० वर्षअघि पहिचान भएको परियोजना नीतिगत अस्थिरताको सिकार

मिलन विश्वकर्मा/नयाँ पत्रिका



राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् परियोजना स्वदेशी लगानीमा बनाउन कम्पनी स्थापना भए पनि लगानी मोडेलमा अल्झिएको छ। सरकारको स्वामित्वमा १७ भदौ ०७९ मा 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड' नामक कम्पनी स्थापना भएको तीन वर्ष हुन लाग्दा पनि लगानीको मोडेल टुंगो लागेको छैन।

परियोजना बनाउन पटक-पटक फरक-फरक लगानीका मोडेलमा छलफल भए पनि ठोस निर्णय हुन सकेको छैन। कम्पनी स्थापना भएपछि सुरुमा सरकारको स्वामित्व र सरकारकै सहुलियतपूर्ण ऋणमा परियोजना बनाउने भनिएको थियो। अहिले भने सार्वजनिक निजी-साझेदारी (पिपिपी) मोडेलमा परियोजना बनाउने भनिएको छ। गत १५ जेठमा सरकारले ल्याएको आगामी आवको बजेटबाट पिपिपी मोडेलमा उक्त परियोजना निर्माण गर्ने उल्लेख गरिएको छ। 'बुढीगण्डकी आयोजना सार्वजनिक-निजी साझेदारीमा निर्माण गरिनेछ,' बजेटको बुँदा नम्बर २२४ मा भनिएको छ।

परियोजनाको डिपिआर बनेको नै १० वर्ष भइसकेको छ। ९० प्रतिशतभन्दा बढी जग्गा प्राप्ति भइसकेको छ। निर्माणपूर्वका अधिकांश काम सम्पन्न भएका छन्। लगानी जुटाउनासाथ परियोजनाको निर्माण सुरु गर्न सकिन्छ। तर, सरकार भने अझै लगानीको मोडेलमा अल्झिएको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए। 'कहिले कुन मोडेल भनिन्छ, कहिले कुन ? अहिले फेरि पिपिपी मोडेल भनिएको छ। हेर्दौं, यो कत्तिको सफल हुन्छ ?' मन्त्रालयका एक अधिकारीले भने।

कम्पनीमा काजका रूपमा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएका ऊर्जा मन्त्रालयका सहसचिव जीवछ मण्डलले पनि बजेटमा उल्लेख भएअनुसार परियोजना निर्माणबारे छलफल अघि बढ्ने बताए। 'बजेटमा पिपिपी मोडेलमा यो परियोजना बनाउने भनेर उल्लेख गरिएको छ। अब यो विषयमा छलफल अघि बढ्नेछ,' उनले भने, 'पिपिपी मोडेल बनाउने भएपछि लगानीकर्तालाई आकर्षण गर्नुपर्नेदेखि विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए)को ग्यारेन्टीसम्म हुन आवश्यक हुन्छ। अब यो विषयमा छलफल अघि बढ्नेछ।'

धादिङ र गोरखाको सिमानामा बन्ने यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा पनि गरिएको छ। तर, यसको निर्माणमा अस्वाभाविक रूपमा ढिलाइ हुँदै आएको छ। यो परियोजना बनाउन सन् २०१५ मा दुई अर्ब ५९ करोड डलर अनुमान गरिएको थियो। आयोजनाको संशोधित लागत अनुमान चार खर्ब १३ अर्ब रुपैयाँ हाराहारी पुगिसकेको छ।

■ ५० वर्षअघि पहिचान भएको परियोजना अस्थिरताको सिकार

सन् १९७३/७४ मा पहिचान भएको यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा भएको थियो। पहिला यो ६ सय मेगावाट क्षमतामा बनाउने भनिएको थियो। पछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरेर पुरानो प्रतिवेदनलाई अद्यावधिक गरेको थियो। आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्ताबेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्युाक्टेबल इन्जिनियरिङसँग प्राधिकरणले ठेक्का सम्झौता गरेको थियो। उक्त कम्पनीले १२ सय मेगावाटमा यो आयोजना निर्माण गर्ने गरी ३१ अक्टोबर २०१५ मा आफ्नो अध्ययन प्रतिवेदन नेपाललाई बुझाएको थियो।

सरकारले ०६९ मा बुढीगण्डकी जलविद्युत् आयोजना विकास समिति गठन गरेको थियो। तर, २०७३ विकास समिति खारेज गरेर यो आयोजना 'चाइना गेजुवा वाटर एन्ड पावर ग्रुप कम्पनी' (गेजुवा)लाई दिने निर्णय भयो। त्यसवेला प्रधानमन्त्री पुष्पकमल दाहाल थिए। पछि ०७४ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनले उक्त आयोजना गेजुवाबाट खोसे। त्यसपछि एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदा ०७५ मा उक्त आयोजना पुनः गेजुवालाई दिइएको थियो।

प्रधानमन्त्री देउवा हुँदा चैत ०७८ मा गेजुवाबाट परियोजना पुनः खोसियो। १७ भदौ ०७९ मा कम्पनी स्थापना गरियो। ३ साउन ०८० मा गोरखाको सिउरेनीटारमा कम्पनीको 'फिल्ड कार्यालय' नै उद्घाटन गरियो। त्यसपछि सरकारले ०७४ मा गठन गरेको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ पनि खारेज गऱ्यो।

कम्पनी स्थापना भएपछि आव ०८०/८१ बाटै परियोजनाको निर्माण प्रक्रिया सुरु गर्ने भनिएको थियो। २ साउन ०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक बर्षभित्र निर्माण सुरु गर्ने भनेका थिए। तर, हालसम्म लगानी मोडेल छनोटमै परियोजना अल्झिएको सरोकारवाला बताउँछन्।

कम्पनीले पहिलोपटक सरकारी निकायको कुल ८० प्रतिशत सेयर स्वामित्व हुने गरी माघमा ०८० मा ऊर्जा मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा लगानीका दुई खाका पेस गरेको थियो। पहिलो खाकामा एक खर्बको स्वपुँजीमा परियोजना बनाउने प्रस्ताव थियो। त्यसमा सरकारको ५१ अर्ब, प्राधिकरणको २० अर्ब, सरकारी तथा सार्वजनिक निकायको नौ अर्ब, सर्वसाधारणको १० अर्ब र आयोजना प्रभावितको १० अर्ब सेयर लगानी हुने प्रस्ताव गरिएको थियो।

दोस्रो खाकामा सरकारको ४७ अर्ब तीन करोड (५१ प्रतिशत), प्राधिकरणको १८ अर्ब ४४ करोड (२० प्रतिशत), अन्य सरकारी तथा सार्वजनिक निकायको आठ अर्ब ३० करोड (९ प्रतिशत), सर्वसाधारणको नौ अर्ब २२ करोड (१० प्रतिशत) र आयोजना प्रभावित बासिन्दाको नौ अर्ब २२ करोड (१० प्रतिशत) सेयर हुने प्रस्ताव गरिएको थियो। यसमा सरकारले सहुलियत (१ प्रतिशत ब्याज)मा एक खर्ब ३९ अर्ब ९१ करोड कर्जा उपलब्ध गराउने प्रस्ताव गरिएको थियो। बाँकी ७८ अर्ब ३५ करोड रुपैयाँ भने व्यावसायिक कर्जा परिचालन गरिने भनिएको थियो।

तर, सरकारले त्यो मोडेल टुंगोमा पुऱ्याउन सकेन। त्यसपछि कम्पनीले परियोजनाको ड्याम र विद्युत् उत्पादन फरक-फरक कम्पनीबाट गराउने गरी नयाँ खाका बनाउन लागेको थियो। तर, त्यो मोडेल पनि टुंगोमा पुग्न सकेन। अहिले बजेटबाटै पिपिपी मोडेलमा यो परियोजना बनाउने भनिएको छ।

पूर्वऊर्जासचिव देवेन्द्र कार्की भन्छन्-



यो परियोजना निर्माणका लागि तयारी अवस्थामा छ। पहुँचमार्ग बनिसकेका छन्। जग्गा प्राप्ति भइसकेको छ। अब पैसा जुटाएर निर्माण सुरु गर्नुपर्ने हो। हिउँदमा विद्युत्को अभाव भइरहेको अवस्थामा जलाशययुक्त परियोजना बनाउनुपर्ने दबाब पनि छ। तर, यसमा सरकारले ध्यान दिएको देखिएन। लगानी मोडेलसमेत परिवर्तन गरिरहनु र त्यसमा ठोस निर्णय पनि निकाल्न नसक्नु राम्रो भएन।

■ पछिल्ला तीन बजेटमा भनिएको छ, 'निर्माण सुरु गर्छौं', तर प्रगति शून्य

चैत ०७८ मा गेजुवाबाट परियोजना खोसेपछिका हरेक बजेटमा यो परियोजनाको निर्माण सुरु गर्ने भनिएको छ। तर, हालसम्म परियोजना निर्माण प्रक्रियासमेत सुरु सकेको छैन।

आव ०७९/८० को बजेटमा लगानीको मोडेल र स्रोत व्यवस्थापन गरी यो परियोजनाको निर्माण कार्य अगाडि बढाउने भनिएको थियो। तर, त्यो आवमा कम्पनी स्थापनाभन्दा थप उपलब्धि हुन सकेन। त्यसपछि आव ०८०/८१ को बजेटमा पनि आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाउने भनियो। तर, त्यो आवमा यो परियोजनाको विकासमा ठोस प्रगति हुन सकेन। चालू आव ०८१/८२ को बजेटमा भने चालू आवदेखि नै यो निर्माण सुरु गर्ने भनिएको छ। तर, हालसम्म परियोजना निर्माण होइन, लगानीको मोडेलसम्म बन्न सकेको छैन। त्यो अवस्थामा आगामी आवको बजेटमा यो परियोजना पिपिपी मोडेलमा बनाउने भनिएको हो।

■ निर्माण सुरु नहुनु दुःखद : सरोकारवाला

लगानी जुटाएको अवस्थामा यो परियोजना तत्काल निर्माणमा जान सक्नेछ। सबैभन्दा जटिल मानिने जग्गा प्राप्ति नै ९० प्रतिशतभन्दा बढी भइसकेको छ। काठमाडौंदेखि नजिकको दूरीमा रहेको यो आयोजना पृथ्वीराजमार्गबाट केही किलोमिटरको दूरीमा छ। निर्माणका लागि यो परियोजना निकै सहज अवस्थामा छ। तर, हालसम्म निर्माण नै सुरु नहुनु दुःखद पक्ष भएको पूर्वऊर्जासचिव देवेन्द्र कार्की बताउँछन्।

'यो परियोजना निर्माणका लागि तयारी अवस्थामा छ। पहुँचमार्ग बनिसकेका छन्। जग्गा प्राप्ति भइसकेको छ। अब पैसा जुटाएर निर्माण सुरु गर्नुपर्ने हो। हिउँदमा विद्युत्को अभाव भइरहेको अवस्थामा जलाशययुक्त परियोजना बनाउनुपर्ने दबाब पनि छ। तर, यसमा सरकारले ध्यान दिएको देखिएन,' उनले भने, 'लगानी मोडेलसमेत परिवर्तन गरिरहनु र त्यसमा ठोस निर्णय पनि निकाल्न नसक्नु राम्रो भएन।'

समर्थन मूल्यमा धान खरिद गर्न सरकारसँग महासंघको माग

काठमाडौं/ धानको न्यूनतम समर्थन मूल्य कायम गर्नुपर्ने माग राख्दै अखिल नेपाल किसान महासंघले ज्ञापनपत्र बुझाएको छ। महासंघका अध्यक्ष प्रेम दंगालसहितको टोलीले मंगलबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमक्ष ज्ञापनपत्र बुझाएका हुन्।

सरकारले तोकेको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल २,८६९ भए पनि हालको बजारमूल्य सरदर १,६२५ (प्रतिमन ६५०) मात्र भएको र उक्त मूल्यमा समेत धान बिकी नभई कुहिने अवस्थाले किसान हतोत्साहित भइरहेको महासंघको भनाइ छ। सरकारले औपचारिकताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण गरिदिने, तर खरिद गर्ने व्यवस्था नगरी किसानलाई झुक्याउने गरेको महासंघको भनाइ छ।

ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले किसानका मागका विषयमा आवश्यक सुनुवाइ गरेर निकास दिने बताए। धानको मूल्यका विषयमा किसानले उठाएका उपयुक्त माग सम्बोधन गरी उपयुक्त कदम चाल्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई निर्देशनसमेत दिएका छन्।

महासंघका उपाध्यक्ष प्रेमनारायण अधिकारीले भने, 'आर्थिक वर्ष ०८१/८२ का लागि नेपाल सरकार मन्त्रिपरिषद्को (०८१ फागुन २१) गते बसेको बैठकले चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल २,८६९ रुपैयाँ निर्धारण गरेको थियो, समयमै धानको समर्थन मूल्य निर्धारण भएकाले किसानले उत्साहित भई चैते धान लगाएका थिए। तर, धान बिक्री गर्ने समयमा बजारमूल्य प्रतिक्विन्टल सरदर १,६२५ रुपैयाँ (प्रतिमन ६५०) रहेको छ। सरकारले तोकेको न्यूनतम समर्थन मूल्य र बजारमूल्यबिचमा ठुलो अन्तर रहेको छ। सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गरिसकेपछि धान उत्पादन हुनासाथ उक्त मूल्यमा धान खरिद गर्ने सुनिश्चित गर्नुपर्छ।'

महासंघले नेपालमा उत्पादित धान किसानबाट खरिद गरी भण्डारण गर्ने र आवश्यकताअनुसार वितरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई आग्रह गरेको छ। सरकार किसानप्रति जिम्मेवार र जवाफदेही हुनुपर्ने महासंघको आग्रह रहेको छ।

महासंघको ज्ञापनपत्र बुझ्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले किसानका मागका विषयमा आवश्यक सुनुवाइ गरेर निकास दिने बताए। धानको मूल्यका विषयमा किसानले उठाएका उपयुक्त माग सम्बोधन गरी उपयुक्त कदम चाल्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई निर्देशन दिए।

नेपालमा चैते धान पाँच लाख मेट्रिकटन उत्पादन हुने गरेको छ। उत्पादित धान खरिद गर्न र गोदामको व्यवस्थापन गरिदिन महासंघको माग रहेको छ।

'टेक एन्ड पे' पिपिए प्रावधान हटाउन इप्पानको आग्रह

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले बजेटमा आएको जलविद्युत् आयोजनाको टेक एन्ड पे पिपिए गर्ने प्रावधान हटाउनका लागि ऊर्जा र अर्थमन्त्रीसँग आग्रह गरेको छ। मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई ज्ञापनपत्र बुझाउँदै इप्पानले टेक एन्ड पे पिपिएको प्रावधानले यो क्षेत्र नै समाप्त हुने भन्दै संशोधनका लागि पहल गरिदिन आग्रह गरेको हो।

ऊर्जामन्त्री खड्काले मन्त्रालयले २८,५०० मेगावाट विद्युत् उत्पादनको मार्गचित्र बनाएर हिँडिसकेपछि विद्युत् खरिद सम्झौतामा 'टेक एन्ड पे' ल्याउनु गम्भीर त्रुटि भएको बताए। ऊर्जा मन्त्रालयमा भएको इप्पान प्रतिनिधिसँगको भेटमा उनले जेठ १५ मा सार्वजनिक गरिएको बजेटमा 'टेक अर पे' पिपिए प्रावधानलाई 'टेक एन्ड पे' बनाउनु राष्ट्र निर्माण गर्ने सरकारको उद्देश्यविपरीतको कार्य भएको समेत बताए।

मन्त्री खड्काले भारत र बंगलादेशमा निर्यात हिसाबले २८,५०० मेगावाटसम्मै टेक अर पे पिपिए गर्नुपर्ने र खपतका हिसाबले पनि २०३५ सम्म १३ हजार पाँच सय मेगावाट आन्तरिक रूपमै खपत हुने मन्त्रालयको प्रक्षेपण रहेकाले अहिले नै टेक एन्ड पेमा जानुपर्ने कुनै बाध्यता सरकारलाई नरहेको स्पष्ट पारे। प्राधिकरणले सक्दैन भने विद्युत् व्यापारका लागि अर्को कम्पनी बनाउनुपर्ने, तर यो विषय जसरी पनि सच्याउनुपर्नेमा खड्काले जोड दिए।

ऊर्जामन्त्री खड्कालाई भेटेलगत्तै इप्पान टोली अर्थमन्त्री विष्णु पौडेललाई भेट्न अर्थ मन्त्रालय पुगेको थियो। अर्थमन्त्री पौडेलसामु पनि इप्पानले टेक एन्ड पे प्रावधान नसच्याए यो क्षेत्र नै समाप्त हुने भन्दै यसलाई सच्याउन आग्रह गरेका थिए। भेटपछि अर्थमन्त्री पौडेलले यस विषयमा सल्लाह गरेर मात्रै जवाफ दिने बताए। उनले आफ्नू विद्युत् बेच्ने भन्दा पनि स्वदेशमा खपत बढाउने पक्षमा रहेको भन्दै खपत गरेर बच्यो भने मात्रै निर्यात गर्नतर्फ लाग्नुपर्ने बताए।

विश्व बैंकले नेपालमा सात वर्षमा साढे ३ खर्ब खर्चने

नयाँ पत्रिका

विश्व बैंकले नेपालमा आगामी सात वर्षमा साढे तीन खर्ब रुपैयाँ खर्च गर्ने योजना बनाएको छ। विश्व बैंकले नयाँ सात वर्षीय देशीय साझेदारी ढाँचा बनाई नेपालमा रोजगारी सिर्जना र प्राकृतिक प्रकोपको नियन्त्रण एवं व्यवस्थापनका लागि उक्त रकम खर्च गर्ने योजना बनाएको हो।

विश्व बैंकका कार्यकारी निर्देशकहरूको २ ९ मे २०२५ को बैठकमा नेपालका लागि नयाँ सात वर्षीय देशीय साझेदारी ढाँचा (सिपिएफ)माथि छलफल भएको थियो। उक्त छलफलले रोजगारी सिर्जना, प्राकृतिक प्रकोपप्रतिरोधी निर्माण र जलवायु परिवर्तनका जोखिम न्यूनीकरणलगायतलाई प्राथमिकता दिएको छ। विश्व बैंकअनुसार नयाँ सिपिएफ सातै प्रदेशका सरोकारवालासँग छलफल गरेर तयार पारिएको हो, जुन नेपालको १६औं आवधिक योजनामा समेत आधारित छ।

> रोजगारी सिर्जना, प्राकृतिक प्रकोपप्रतिरोधी निर्माण र जलवायु परिवर्तनका जोखिम न्यूनीकरणलगायतलाई प्राथमिकता दिएको छ

'सिपिएफअन्तर्गत विश्व बैंक समूहले करिब २.७ अर्ब अमेरिकी डलर उपलब्ध गराउने योजना बनाएको छ,' बैंकले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जसको उद्देश्य थप र गुणस्तरीय रोजगारी सिर्जना गर्नु, पहुँच र सेवा प्रवाह सुदृढ गर्नु तथा प्राकृतिक प्रकोप र जलवायु जोखिमप्रति सहनशीलता अभिवृद्धि गर्नु हो।'

नयाँ देशीय ढाँचा नेपाल र विश्व बैंक समूहबिचको ६० वर्षभन्दा लामो साझेदारीमा आधारित रहेको विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका देशीय निर्देशक डेविड सिस्लेनले बताए। यसले आर्थिक वृद्धि, रोजगारी सिर्जना र लगानीलाई प्रवर्द्धन गर्ने उनले बताए। विश्व बैंक समूहले आर्थिक वृद्धि, पर्यटन, डिजिटल कनेक्टिभिटी र एकीकृत सहरी विकासलाई वृद्धि र रोजगारी सिर्जनाका इन्जिनका रूपमा नीति सुधारलाई प्राथमिकता दिने जनाएको छ।

'हामी नेपालमा थप र गुणस्तरीय रोजगारी सिर्जना, प्रकोप तयारी सुदृढीकरण र दिगो भविष्यतर्फको मार्गमा घरेलु र अन्तर्राष्ट्रिय निजी पुँजी परिचालन, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन र संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्दछौं,' दक्षिण एसियाका लागि आइएफसीका क्षेत्रीय निर्देशक इमाद एन फखुरीले भने, 'विश्व बैंक समूहको सिपिएफले निजी क्षेत्रको लगानी खोल्ने र व्यावसायिक वातावरण सुदृढ गर्ने सुधारमा हाम्रो प्रयासलाई मार्गदर्शन गर्नेछ, जसले नेपाली जनताको जीवनमा अर्थपूर्ण परिवर्तन ल्याउनेछ।'

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २९ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : हाकिमचोक शाखा — कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
शम्भु प्रसाद पोखलको छोरी तेज बहादुर थापाको बुहारी राज कुमार थापाको पत्नी चितवन जिल्ला पिठुवा वडा नं. १ हाल, रत्ननगर न.पा. वडा नं. ३ बस्ने **उमा पोखेल** (ना.प्र.नं. : २१६५/०६२ जारी मिति र जिल्ला : २०६२/१२/१५, चितवन)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
प्रेम बहादुर थापाको नाति तेज बहादुर थापाको छोरा चितवन जिल्ला रत्नगर न.पा. वडा नं. ८ हाल, वडा नं. ३ बस्ने **राज कुमार थापा** (ना.प्र.नं. : ६७३६/०५४ जारी मिति र जिल्ला : २०५४/०७/०३, चितवन)

२) शाखा कार्यालय : गोपिगंज शाखा — कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण
कर्ण बहादुर रानाको छोरी उमापति रानाको बुहारी मान बहादुर रानाको पत्नी नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल, बर्दघाट न.पा. १४ बस्ने **कामना देवि राना** (ना.प्र.नं. : ३६३०५८/२८३ जारी मिति र जिल्ला : २०६३/१०/२८, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) रुक बहादुर रानाको नाति उमापति रानाको छोरा नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल, बर्दघाट न.पा. वडा नं. १४ बस्ने **मान बहादुर राना** (ना.प्र.नं. : ८०९४४ जारी मिति र जिल्ला : २०६२/०३/१४, नवलपरासी)
२) धनीराम थारुको छोरी चेत नारायण थारुको बुहारी निम नारायण थारुको पत्नी नवलपरासी जिल्ला दाउन्ने देवि वडा नं. ५ हाल बर्दघाट न.पा. वडा नं. १४ बस्ने **श्रीमन्ता थारु** (ना.प्र.नं. : ५५२१० जारी मिति र जिल्ला : २०५७/०४/०२, नवलपरासी)

३) शाखा कार्यालय : हेटौंडा शाखा — कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा/साधारण कर्जा

ऋणीको विवरण
दलपती मल्लको नाति मिन बहादुर मल्लको छोरा मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **अम्मर बहादुर मल्ल** (ना.प्र.नं. : ९०४कैलाली जारी मिति र जिल्ला : २०५१/०९/०१ , मकवानपुर)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) मिन बहादुर मल्लको बुहारी अम्मर बहादुर मल्लको पत्नी मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **शान्ति मल्ल** (ना.प्र.नं. : १७१७७कैलाली जारी मिति र जिल्ला : २०५४/०७/०३ , मकवानपुर)
२) मिन बहादुर मल्लको नाति अम्मर बहादुर मल्लको छोरा मकवानपुर जिल्ला गा.वि.स. आमभन्ज्याङ वडा नं. ५ हाल, मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **अशोक मल्ल** (ना.प्र.नं. : ३१-०१-७२-०४१७७ जारी मिति र जिल्ला : २०७२/०५/२७ , मकवानपुर)
३) मिन बहादुर मल्लको नाति अम्मर बहादुर मल्लको छोरा मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **तितस मल्ल** (ना.प्र.नं. : ३१-०१-७५-०७८८० जारी मिति र जिल्ला : २०७५/०८/१०, मकवानपुर)
४) मिन बहादुर मल्लको नातिनी अम्मर बहादुर मल्लको छोरी मकवानपुर जिल्ला मकवानपुरगढी वडा नं. ६ बस्ने **शुष्मा मल्ल** (ना.प्र.नं. : ३१-०१-७५-०७८८० जारी मिति र जिल्ला : २०७५/०४/०६ , मकवानपुर)
५) इन्द्र बहादुर तिमिल्सीनाको छोरी ढाल प्रसाद अधिकारीको बुहारी बोध प्रसाद अधिकारीको पत्नी मकवानपुर जिल्ला आमभन्ज्याङ गा.वि.स. वडा नं. ५ हाल, मकवानपुरगढी गा.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी** (ना.प्र.नं. : ३१-०१-६९-१२५४४ जारी मिति र जिल्ला : २०६९/१२/२८, मकवानपुर)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: जेनिषा ईन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: गेनालाल यादव दर्ता नं.: वाणिज्य विभागमा प्रा.फ.र.नं.: ८७०३/२०७५/०७६, दर्ता मिति २०७५/०६/११, ठेगाना: जिल्ला सिरहा, अयोध्यानगर गा.वि.स. वडा नं. १ (हाल धनगढीमाई न.पा. वडा नं. ८)
	धितोको विवरण
	१) लक्ष्मण यादवकी छोरी, छठु यादवकी बुहारी, गेनालाल यादवकी पत्नी, सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने कल्पना कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स वडा नं. ७ (हाल धनगढीमाई न.पा. वडा नं. ८) स्थित किता नं. १०६३ र १०२५ को क्षेत्रफल क्रमश: ३३८.६४ र ७८७.३० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जेनिषा ईन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम : बिना धितो कर्जा **२) ऋणी : गेनालाल यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८ बाबु : छठु यादव, बाजे : किसुन देव यादव
	जमानीकर्ता: कल्पना कुमारी यादव, ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८, बाबु : लक्ष्मण यादव, पति: गेनालाल यादव ससुरा: छठु यादव
२)	**१) ऋणी फर्म: च्वङ्गा गणेश खाद्य स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: सुजन पलिखेल दर्ता नं.: वाणिज्य विभाग, प्रा.फ.र.नं. १२३६९१/०७२/७३, दर्ता मिति २०७२/०५/२०, ठेगाना: जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. १५
	धितोको विवरण
	१) राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं. ५/५ख (हाल भक्तपुर न.पा. वडा नं. ०६) स्थित किता नं. ५७९ को क्षेत्रफल ०-२-१-१.५ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं १२ स्थायी ठेगाना भई हाल भक्तपुर न.पा. वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ गा.वि.स. वडा नं ०७ (हाल : चाँगुनारायण न.पा. वडा नं. ५) स्थित किता नं. ८९, ९१ र ९२ को क्षेत्रफल क्रमश : १-२-०-०, ०-२-०-०, र १-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) च्वङ्गा गणेश खाद्य स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी: सुजन पलिखेल ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: शेखर लाल पलिखेल, बाजे: ईश्वरी प्रसाद पलिखेल
	धितोको विवरण
	राधा कृष्ण जोशीकी छोरी, ईश्वरी प्रसाद पलिखेलकी बुहारी, शेखर लाल पलिखेलकी पत्नि, भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं १२ स्थायी ठेगाना भई हाल भक्तपुर न.पा वडा नं ७ मा बस्ने शारदा मैया जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ७ (हाल : चाँगुनारायण न.पा. वडा नं. ५) स्थित किता नं. ८९, ९१ र ९२ को क्षेत्रफल क्रमश : १-२-०-०, ०-२-०-०, र १-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: शेखर लाल पलिखेल** ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु : ईश्वरी प्रसाद पलिखेल, बाजे: जुजु बहादुर पलिखेल
	जमानीकर्ताहरु: १) शारदा मैया जोशी, स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पं. वडा नं. १२, हालको ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: राधा कृष्ण जोशी, पति: शेखर लाल पलिखेल, ससुरा: ईश्वरी प्रसाद पलिखेल **२) सुजन पलिखेल,** ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ७, बाबु: शेखर लाल पलिखेल, बाजे: ईश्वरी प्रसाद पलिखेल
३)	**ऋणी: बुद्ध कार्की** स्थायी ठेगाना: दोलखा जिल्ला, दोलखा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. २ बाबु: टंक बहादुर कार्की, बाजे: ध्वज बहादुर कार्की
	धितोको विवरण
	ध्वज बहादुरकी बुहारी, टंक बहादुरकी पत्नी, दोलखा जिल्ला, माटी गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल भक्तपुर जिल्ला, चाँगुनारायण न.पा। वडा नं. २ बस्ने बेल कुमारी कार्किको नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, माटी गा.वि.स. वडा नं. ८ (हाल भिमेश्वर न.पा. वडा नं. ५) स्थित किता नं. २०२ को क्षेत्रफल ३९०.०० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
४)	**ऋणी फर्म: विकाश ट्रेड लिङ्क,** प्रोप्राईटर तथा जमानीकर्ता: लाल बहादुर पौडेल दर्ता नं.: आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४५७९५/०७६/७७, दर्ता मिति: २०७६/०८/१६, ठेगाना: जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ८
	धितोको विवरण
	१) लाल बहादुर सुवेदीकी छोरी, मन बहादुर पौडेलकी बुहारी, बम बहादुर पौडेलकी पत्नी, रुपन्देही जिल्ला, मक्रहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने चन्द्र कला पौडेलको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, चिल्हिया गा.वि.स. वडा नं. १ (हाल सियारी गा.पा. वडा नं. १) स्थित किता नं. १५३८ को क्षेत्रफल ०-०-१५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) विकाश ट्रेड लिङ्कको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**ऋणी कम्पनी: न्यु राजदेवी गल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: अजित कुमार यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९२९९/१४९, दर्ता मिति: २०७७/०५/२३, ठेगाना: जिल्ला रौतहट, समनपुर गा.वि.स. वडा नं. ८ (हाल गढीमाई न.पा. वडा नं. १)
	धितोको विवरण
	१) रामानन्द रायकी छोरी, निर्सु राय यादवकी बुहारी, अजित कुमार यादवकी पत्नि, रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बस्ने संजु कुमारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित किता नं. २९२०, २१९०, २८९२ र २२७० को क्षेत्रफल क्रमश: ०-०-१२, ०-०-१२, ०-०-५ र ०-०-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लखन रायकी छोरी, मखन राय यादवकी बुहारी, सहदेव रायकी पत्नि, रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ बस्ने सुकेशरी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, हर्दिया गा.वि.स. वडा नं. ५ (हाल वृन्दावन न.पा. वडा नं. ४) स्थित किता नं. १६९ को क्षेत्रफल ०-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) न्यु राजदेवी गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१) ऋणी फर्म: सिटी ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: सुमिन्त्रा कुमारी चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ५१७२/२०७२/७३, दर्ता मिति २०७३/०१/२८, ठेगाना: जिल्ला सिरहा, लहान गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३)
	धितोको विवरण
	१) महेन्द्र प्रसाद चौधरीकी छोरी, शिव नारायण चौधरीकी बुहारी, जिवछ कुमार चौधरीकी पत्नी, सप्तरी जिल्ला, पंसेरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बस्ने सुमिन्त्रा कुमारी चौधरीको नाममा मालपोत कार्यालय, लहान, सिरहाको लगतमा दर्ता कायम रहेको, सिरहा जिल्ला, लहान बजार गा.वि.स. वडा नं. ८क (हाल लहान न.पा. वडा नं. ३) स्थित किता नं. २१७१ र २१७४ को क्षेत्रफल क्रमश: ०-०-६$^{3/4}$ र ०-०-३$^{1/4}$(विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) सिटी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: जिवछ कुमार चौधरी** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: शिव नारायण चौधरी, बाजे: सिन्ती चौधरी कलवार
	जमानीकर्ताहरु: १) शिव नारायण चौ. कल्वार, स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: सिन्ती चौधरी कलवार, बाजे: मोति लाल चौधरी, **२) तारा देवी चौधरी,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.पं. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: दरवारी चौधरी, ससुरा: सिन्ती चौधरी कलवार, पति: शिव नारायण चौधरी, **३) सुमिन्त्रा कुमारी चौधरी,** स्थायी ठेगाना: सप्तरी जिल्ला, पंन्सेरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, बाबु: महेन्द्र प्रसाद चौधरी, ससुरा: शिव नारायण चौधरी, पति: जिवछ कुमार चौधरी
७)	**ऋणी: प्रभुनन्दन सहनी** स्थायी ठेगाना : रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. २ बाबु : बलिराम सहनी , बाजे : रामलखन सहनी मलाह तथा **ऋणी: सुनरपति देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. २ बाबु : दिपलाल सहनी, ससुरा : बलीराम सहनी मलाह, पति : प्रभुनन्दन सहनी
	धितोको विवरण
	दिपलाल सहनीकी छोरी, बलीराम सहनीकी बुहारी, प्रभुनन्दन सहनीकी पत्नि, रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. २ बस्ने सुनरपति देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. २) स्थित किता नं. ७४७ को क्षेत्रफल ०-४-६$^{1/2}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**ऋणी फर्म: आदर्श ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: राकेश प्रसाद शाह दर्ता नं.: वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, गौर, रौतहटमा प्रा.फ.र.नं. ५३१५/६२, दर्ता मिति : २०७४/०४/१७, ठेगाना: जिल्ला रौतहट, गढीमाई न.पा. वडा नं. ४
	धितोको विवरण
	१) ध्यानी साह कानुको नाती, सहदेव साह कानुको छोरा, रौतहट जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. ५ बस्ने राकेश प्रसाद शाहको नाममा मालपोत कार्यालय गरुडा रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. ४ (हाल गढीमाई न.पा. वडा नं. ४) स्थित किता नं. ४७६ र ४७७ को क्षेत्रफल ०-१-० र ०-३-१२ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) आदर्श ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सिद्धार्थ क्यापिटल लिमिटेड तथा सिद्धार्थ बैंक लिमिटेडका शाखा कार्यालयहरुबाट हितग्राही खाता (Demat Account) खोल्नु हुने सम्पूर्ण खातावालहरुलाई वार्षिक संचालन शुल्क बुझाउने बारे अत्यन्त जरुरी सूचना

यस सिद्धार्थ क्यापिटल लिमिटेड तथा सिद्धार्थ बैंक लिमिटेडका शाखा कार्यालयहरू मार्फत डिम्याट् खाता खोल्नु भएका सम्पूर्ण हितग्राहीहरूले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम डिम्याट् खाताको वार्षिक संचालन शुल्क प्रत्येक आ. व. रू.१००/- (अक्षरेपी एक सय मात्र)को दरले भुक्तानी गर्नुपर्ने व्यवस्थानुसार उक्त शुल्क बुझाउन बाँकी रहेका हितग्राहीहरूले मिति २०८२ आषाढ मसान्त भित्र सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल स्थित कार्यालय तथा सिद्धार्थ बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरूमा सम्पर्क गरी वा मोवाइल वालेट E-Sewa, IME Pay, Khalti, Prabhu Pay वा Connect IPS जस्ता विद्युतीय भुक्तानी माध्यमको प्रयोग गरी भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ । साथै सिद्धार्थ बैंक लिमिटेडमा बैंक खाता रहेका हितग्राहीहरूले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल स्थित कार्यालय तथा सिद्धार्थ बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरू मार्फत हरेक वर्ष आफ्नो बैंक खाताबाट स्वचालित रूपमा वार्षिक शुल्क भुक्तानी हुने गरी भुक्तानी आदेश (Debit Authority) समेत दिन सक्ने जानकारी गराईन्छ । वार्षिक शुल्क भुक्तानी नगरेका हितग्राहीहरूको डिम्याट् खाता उक्त शुल्क भुक्तानी नगरेसम्मका लागि Freeze गरिने व्यहोरा सम्पूर्ण हितग्राहीहरूलाई जानकारी गराईन्छ ।

साथै, MERO SHARE सेवा लिइरहनु भएका हितग्राही महानुभावहरूले सो सेवा संचालनमा आएको एक वर्षको अवधिभित्र नविकरण गरिसक्नु पर्ने र सो समयावधिभित्र नविकरण नभएमा उक्त सेवा स्वतः बन्द हुने भएको हुंदा हितग्राही खाताको वार्षिक संचालन शुल्क नविकरण गर्ने समयमा नै उक्त सेवाको शुल्क समेत नविकरण गर्न सक्नु हुने व्यहोरा जानकारी गराईन्छ । हितग्राही खाताको वार्षिक संचालन शुल्क नविकरण गर्न बाँकी रहेका हितग्राहीहरूले MERO SHARE सेवा मात्र नविकरण गर्नुभएको अवस्थामा MERO SHARE सेवा पनि रोक्का हुने भएकोले समयमा नै हितग्राही खाताको वार्षिक संचालन शुल्क भुक्तानी गर्नु हुन अनुरोध गरिन्छ ।

KYC अद्यावधिक गर्ने बारेको सूचना

KYC अद्यावधिक गर्न बाँकी सम्पूर्ण हितग्राहीहरूलाई यस सिद्धार्थ क्यापिटल लिमिटेड तथा सिद्धार्थ बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सम्पर्क राखि यथाशिघ्र KYC अद्यावधिक गर्नु हुन अनुरोध गर्दछौं ।

Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ५९७०७४७ फ्याक्सः ४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

नेप्सेमा ३५.७३ अंकको गिरावट

काठमाडौं/ साताको दोस्रो कारोबार दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट आएको छ। नेप्से परिसूचक ३५.७३ अंकले घटेर दुई हजार ६५८.९३ को विन्दुमा कायम भएको हो। मंगलबार ३१५ कम्पनीको एक करोड ५५ लाख ३८ हजार ४७४ कित्ता सेयर ७५ हजार ५०८ पटक खरिद-बिक्री हुँदा ६ अर्ब ६७ करोड ९५ लाख ६१ हजार ३२४ रुपैयाँबराबरको कारोबार भएको छ। कारोबारमा सबैभन्दा धेरै बैंकिङ समूह २.३४ र होटेल तथा पर्यटन समूह २.१२ प्रतिशतले घटेको छ। त्यस्तै, विकास बैंक १.१४, वित्त ०.८३, जलविद्युत् ०.९६, लगानी १.२९ र जीवन बिमा समूह ०.७४ प्रतिशतले घटेको छ।

भुलसुधार गरिएको

मिति २०८२/०२/१३ गते **वेलफेयर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.** ले नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचनामा भुलबस लिलाम हुने मिति: २०८२/०३/१७ हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।




उग्रचण्डी वचत तथा ऋण सहकारी संस्था लिमिटेड
प्युखा, न्युरोड, काठमाडौं फोन नं. ०१-४१५७५४५, ४१५७५४६
Email : ugrachandi.saving@gmail.com

डाँक बढाबढ बाट धितो लिलाम गर्ने बारेको ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/२१

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज, हर्जाना र अन्य दै दस्तुर रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै मिति २०८१।१२।३१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा पनि कर्जा चुक्ता गर्न तर्फ चासो नदेखाई कर्जा चुक्ता नगरेको तथा संस्थामा सम्पर्क समेत नगरेकोले यो सूचना प्रकाशित गरिएको छ। यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेख गरिएको अचल सम्पत्ति जग्गाहरू तथा कुनै निर्माण भए सो लगायतका सम्पूर्ण लिग लगापात समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ द्वारा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० बमोजिम धितो बापतको सम्पत्ती लिलाम बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ। लिलाम डाँक बढाबढ गरी लिन इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) तोकिएको समयानुसार यस सहकारी संस्थाको कार्यालय प्युखा, न्युरोड, काठमाडौंमा उपस्थित भई डाँक बढाबढमा भाग लिनुहुन सूचित गरिन्छ। साथै सुरक्षण बापत संस्थाको नाममा अचल सम्पत्ति धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराइएको छ। तर धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरू उपस्थित नभएका कारणले मात्र लिलामी प्रकृया गर्न बाधा पर्ने छैन। साथै सुरक्षणमा रहको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरूको नाममा रहेको चलअचल जायजेथाबाट असुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ता
बुद्धिमान श्रेष्ठकी नातिनी नन्दलाल श्रेष्ठकी छोरी इलाम जिल्ला साकफारा गा.बि.स. वडा नं. ३ (परिवर्तित चुलाचुली गा.पा. वडा नं. ६) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ०३-२-००८/७८६१ मिति २०६५।०९।०४ जि.प्र.का. इलाम, वर्ष ३६ की **जुनु श्रेष्ठ**  **धितोको विवरण** बुद्धिमान श्रेष्ठकी नातिनी नन्दलाल श्रेष्ठकी छोरी इलाम जिल्ला साकफारा गा.बि.स. वडा नं. ३ (परिवर्तित चुलाचुली गा.पा. वडा नं. ६) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ०३-२-००८/७८६१ मिति २०६५।०९।०४ जि.प्र.का. इलाम, वर्ष ३६ की **जुनु श्रेष्ठ**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला सुन्टोल गा.बि.स. वडा नं. ८ञ मा रहेको कि.नं. २१३ को जग्गा क्षे.फ. ०-८-०-० (आठ आना मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	नन्दलाल श्रेष्ठको नाति सुगेन्द्रकुमार श्रेष्ठको छोरा इलाम जिल्ला साकफारा गा.बि.स. वडा नं. ३ (परिवर्तित चुलाचुली गा.पा. वडा नं. ६) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ०३-०१-७१-००२६७ मिति २०७१।०२।०४ जि.प्र.का. इलाम, वर्ष २७ को **सुर्यदेव श्रेष्ठ**  चित्र भुवन कुइकेलको नाति हरिप्रसाद कुइकेलको छोरा सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गा.बि.स. वडा नं. ९ (परिवर्तित मेलम्ची न.पा. वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ३८८७७/११६१४९ मिति २०५९।०९।१७ जि.प्र.का. सिन्धुपाल्चोक, वर्ष ४९ को **जनकप्रसाद कुइकेल**  पदमराज बरालको नाति गोपालप्रसाद बरालको छोरा सिन्धुली जिल्ला भिमस्थान गा.बि.स. वडा नं. १ (परिवर्तित तिनपाटन गा.पा. वडा नं. २) स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ९, मन्डीखाटार बस्ने ना.प्र.नं. २६८६ मिति २०४८।०६।१७ जि.प्र.का. सिन्धुली, वर्ष ५३ को **रामजी प्रसाद बराल** 
रणबहादुर बुढाथोकीको नाति खड्गबहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. २११०३५/१३०७४ मिति २०६६।०६।२९ जि.प्र.का. रामेछाप, वर्ष ३२ को **बालकृष्ण बुढाथोकी**  **धितोको विवरण** रणबहादुर बुढाथोकीको नाति खड्गबहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. २११०३५/१३०७४ मिति २०६६।०६।२९ जि.प्र.का. रामेछाप, वर्ष ३२ को **बालकृष्ण बुढाथोकी**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला बिष्टछाप गा.बि.स. वडा नं. ७ख मा रहेको कि.नं. ९१ को जग्गा क्षे.फ. ०-११-०-० (एघार आना मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत	कर्णबहादुर बुढाथोकीको नाति रणबहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला गेलु गा.बि.स. वडा नं. ९ (परिवर्तित मन्थली न.पा. वडा नं. ११) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. १८३९३ मिति २०४७।११।२० जि.प्र.का. रामेछाप, वर्ष ६३ को **खड्गबहादुर बुढाथोकी**  खड्गबहादुर बुढाथोकीकी बुहारी बालकृष्ण बुढाथोकीकी पत्नी रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. २१३०३४-९२ मिति २०७०।०२।२६ जि.प्र.का. रामेछाप, वर्ष २९ की **सरिता खत्री** 

लिलामका शर्तहरू:
१. लिलामको अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलकबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगद धरौटीबापत तुरुन्त यस संस्थामा बुझाउनुपर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
३. अन्तिम बोलकबोल गर्ने व्यक्तिले सहकारीबाट लिलाम स्वीकृत भएको सूचना प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम नबुझाएमा धरौटीबापत बुझाएको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. तोकिएको लिलामका दिन सरकारी बिदा परेमा वा सहकारी बिदा परेमा त्यसको लगत्तै सरकारी तथा सहकारीको कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ।
५. डाँक बढाबढको नतिजा डाँक बढाबढ भएको भोलिपल्ट सहकारी संस्थाको कार्यालयमा रहेको सूचना पाटीमा प्रकाशित गरिनेछ।
६. डाँक बढाबढ गर्दा सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
७. डाँक बढाबढ हुने दिन अगावै ऋणीको तर्फबाट संस्थाको नियमानुसार संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण सावाँ ब्याज लगायतका रकमहरू बुझाएमा संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
८. डाँक बढाबढबाट लिलाम बिक्री गरिने धितो निरिक्षण गर्न चाहनुहुने महानुभावहरूले सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. डाँक बढाबढ यस उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ प्युखा, न्युरोड, काठमाडौंमा १०:३० बजे देखि ३:०० बजे सम्म हुनेछ।
१०. डाँक बढाबढ लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले बेहोर्नुपर्नेछ।
११. डाँक बढाबढ लिलाम बिक्री गरेको सम्पत्ति दाखिल खारेज नामसारी गर्दा नियमानुसार लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर आदि खर्चहरू खरिदकर्ताले बेहोर्नु पर्नेछ।
१२. कुनै पनि कारण खुलाई वा नखुलाई डाँक बढाबढ लिलाम स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ।
१३. सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले पनि डाँक बढाबढमा भाग नलिएमा उल्लेखित सम्पत्तिको स्वामित्व सहकारी संस्थाले आफूमा लिन सक्नेछ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २१ जेठ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

चौथो प्रयासमा बेंग्लोर बन्यो आइपिएल च्याम्पियन

१८औँ संस्करणको उपाधि भिडन्तमा पन्जाबमाथि ६ रनको रोमाञ्चक जित निकाल्दै बेंग्लोर पहिलोपटक च्याम्पियन



पहिलोपटक आइपिएल च्याम्पियन बनेपछि रोयल्स च्यालेन्जर्स बेंग्लोरका खेलाडी।

एजेन्सी

रोयल्स च्यालेन्जर्स बेंग्लोर पहिलोपटक इन्डियन प्रिमियर लिग (आइपिएल)को च्याम्पियन बनेको छ। अहमेदाबाद रंगशालामा मंगलबार १८औँ संस्करणको उपाधि भिडन्तमा पन्जाब किंग्समाथि ६ रनको रोमाञ्चक जित निकाली बेंग्लोर पहिलोपटक च्याम्पियन बनेको हो। बेंग्लोरका पूर्वकप्तान विराट कोहलीले चौथोपटक फाइनलमा ट्रफी उचाल्न सफल भए। पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा नौ विकेट गुमाउँदै एक सय ९० रनको योगफल बनाएको थियो।

प्रत्युत्तरमा पन्जाबले २० ओभरमा सात विकेटको क्षतिमा एक सय ८४ रन जोड्दा बेंग्लोरले बाजी मारेको हो। अन्तिम ओभरमा पन्जाबलाई उपाधि जित्न २९ रनको आवश्यकता थियो। बेंग्लोरबाट जोस हेजलउडले बलिङ गरेका थिए। शशांक सिंहले अन्तिम ओभरमा २२ रन बटुले पनि पन्जाबलाई उपाधि दिलाउन सकेनन्। शशांकले ३० बलमा ६ छक्का र तीन चौका प्रहार गरी सर्वाधिक ६१ रनको योगदान दिए। पन्जाबको ब्याटिङमा जोस इन्गिसले २३ बलमा ३९ रन बनाए।

कोहलीले कप्तान रजत पतिदारसँग तेस्रो विकेट निमित्त २७ बलमा ४० रनको साझेदारी गरे। कोहलीले चौथो विकेटका लागि लिआम लिभिन्स्टोनसँग २४ बलमा ३५ रनको साझेदारी गर्न सफल भए। इनिङ्सको १४.५ ओभरमा कोहलीले आफ्नो विकेट गुमाए। त्यसपछि लिआमले जितेश शर्मासँग पाँचौँ विकेटका लागि १२ बलमा ३६ रनको साझेदारी गरे। चौथोपटक फाइनल खेलिरहेका कोहलीले धैर्यतापूर्वक ब्याटिङ गरी साझेदारी 'विल्डअप'मा सहयोग गरेका थिए। बेंग्लोरको ब्याटिङमा कोहलीले नै सर्वाधिक योगदान दिएका थिए।

अन्तिम ओभरमा तीन विकेट

बलिङमा अर्सदीपले अन्तिम ओभरमा तीन विकेट लिँदै बेंग्लोरलाई रोकेका थिए। उनले ४० रन खर्चेर तीन विकेट हात पारे। यसैगरी, केल जेमिसनले ४८ रन खर्चेर तीन विकेट हात पारे। यसअघि बेंग्लोरका लागि कोहलीले ३५ बलमा तीन चौका प्रहार गरी ४३ रन बनाए। मायांकले १८ बलमा दुई चौका र एक छक्का प्रहार गरी २४ रन बनाए। कप्तान रजतले १६ बलमा दुई छक्का र एक चौका प्रहार गरी २६ रन जोडे। लिआमले १५ बलमा २५ रन तथा जितेशले १० बलमा समान दुई चौका र छक्का प्रहार गरी २४ रनको योगदान दिए। रोमारियो सेफर्डले नौ बलमा १७ रन जोडे।

विजेतालाई २० करोड भारु

१८औँ संस्करणको आइपिएलको विजेता बेंग्लोरले २० करोड भारु पाएको छ। उपविजेता पन्जाबले १२.५ करोड भारु पायो। दोस्रो प्लेअफबाट बाहिरिएको पाँचपटकको विजेता मुम्बई इन्डियन्सले सात करोड भारु र एलिमिनेटरबाट बाहिरिएको गुजरात टाइटन्सले ६.५ करोड भारु पाएको छ। सन् २०२२ देखि अहिलेसम्म आइपिएलको पुरस्कार राशिलाई यथावत् राखिएको छ। आयोजक भारतीय क्रिकेट बोर्डले तीन वर्षदेखि आइपिएलको विजेता धनराशि वृद्धि गरेको छैन।

आइपिएलको पहिलो सिजनको विजेता राजस्थान रोयल्सले ४.८ करोड भारु पाएको थियो। पहिलो संस्करणको उपविजेता चेन्नई सुपर किंग्सले २.४ करोड भारु प्राप्त गरेको थियो। बिसिसीआईले विधागत रूपमा उत्कृष्ट हुने खेलाडीलाई जनही १० लाख भारु प्रदान गरिएको छ।

■ १८औँ आइपिएलका उत्कृष्ट

- अरेन्ज क्याप विजेता : **साई सुदर्शन** (७५९ रन), १० लाख भारु
- पर्पल क्याप विजेता : **प्रसिद्ध कृष्णा** (२५ विकेट), १० लाख भारु
- प्लेयर अफ दी सिरिज : **सूर्यकुमार यादव**, १५ लाख भारु
- प्लेयर अफ दी म्याच : **क्रुनाल पान्ड्या**, १० लाख भारु
- सर्वाधिक छक्का : **निकोलास पुरन** (४६), १० लाख भारु
- सर्वाधिक चौका : **साई सुदर्शन** (८८ चौका), १० लाख भारु
- ग्रिन डट बल : **मोहमद रिसाज** (१५९ बल), १० लाख भारु
- क्याच अफ सिजन : **कामिन्दु मेन्डिस**, १० लाख भारु
- फेयर प्ले अवार्ड : **चेन्नई सुपर किंग्स**, १० लाख भारु

१९१ रनको लक्ष्य

बेंग्लोरले नरेन्द्र मोदी अन्तर्राष्ट्रिय रंगशालामा पहिलो ब्याटिङ गरी पन्जाबलाई चुनौतीपूर्ण लक्ष्य दिएको थियो। इनिङ्सको दोस्रो ओभरमै बेंग्लोरले ओपनर फिल साल्टलाई गुमाएको थियो। दोस्रोदेखि पाँचौँ विकेटसम्म दरिलो साझेदारी पाउँदा बेंग्लोरको रनरेट उकासिएको थियो। बेंग्लोरका लागि विराट कोहलीले मायांक अग्रवालबिच दोस्रो विकेटका लागि २८ बलमा ३८ रनको साझेदारी गरे।

मोरोक्कोमा इतिहास रचेकी एरिकाको भव्य स्वागत

नम्बर एक खेलाडी टोरेससँग सेमिफाइनलमा हारेकी एरिका गुरुङले २०औँ स्थानकी क्लेमेन्सलाई ६-२ ले हराउँदै ऐतिहासिक कांस्य जितिन्



नयाँ पत्रिका

मोरोक्कोको रावतमा भएको करँते वान प्रिमियर लिग नेपालकी एरिका गुरुङ ऐतिहासिक कांस्य पदक जिती मंगलबार स्वदेश फर्केकी छिन्। पहिलोपटकको सहभागितामै एरिकाले मुलुकलाई विश्वस्तरकै अर्को एक पदक दिलाउन सफल भइन्। स्वदेश फर्कँदा उनलाई राष्ट्रिय खेलकुद परिषद्, नेपाल करँते महासंघ तथा विभिन्न खेल संस्थाका पदाधिकारीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरेका थिए। एरिकाले यसअघि जति पनि मुलुकलाई पदक दिलाएकी थिइन्, त्यसवेला मुख्य प्रशिक्षक कुशल श्रेष्ठसँगै हुन्थे।

योपटक रावतमा नेपालको करँते इतिहासमा अहिलेसम्मकै ठुलो पदक भित्र्याउँदा एरिकाले रिङमा मुख्य प्रशिक्षक श्रेष्ठविना नै प्रतिस्पर्धा गरेकी थिइन्। यद्यपि, पहिलोपटक मुख्य प्रशिक्षकविना नै करँते वान प्रिमियर लिगमा प्रतिस्पर्धामा उत्रेकी एरिकाले इतिहास रच्न सफल भइन्। उज्वेकिस्तानमा भएको २१औँ एकेएफ एसियन करँते च्याम्पियन खेल्ने क्रममै एरिकाले अन्तिम समयमा प्रिमियर लिगमा 'इन्ट्री' गरेकी थिइन्। खेलाडी र प्रशिक्षकले एकैपटक इन्ट्री गर्ने समय पाएनन्। फेरि आयोजकबाट एरिकाको कन्फर्मेसन आइसकेको थिएन। 'करँते वान प्रिमियर लिगको अन्तिम समयमै उसको इन्ट्री भयो,' मुख्य प्रशिक्षक श्रेष्ठले भने, 'एरिकाको कन्फर्मेसन आएको थिएन।' रावतमा विश्वकै उत्कृष्ट खेलाडीबिच एरिकाले खेल्ने पक्का भएपछि उसलाई उज्वेकिस्तानमै बिदाइ गरिएको श्रेष्ठले बताए।

रावतमा रहेका अन्य प्रशिक्षकसँग वार्तालाप

मोरोक्को पहिलोपटक प्रशिक्षकविना प्रतिस्पर्धा जानुअघि एरिकाले आफूभित्र आत्मविश्वास भएको गुरु श्रेष्ठलाई बताइन्। यसअघि पनि विनाप्रशिक्षक अन्य प्रतियोगितामा सहभागिता जनाइसकेकी एरिकाले लिग वानमा सहजै लिइन्। 'हामीले उसलाई सोधेका थियौँ, विना प्रशिक्षक खेल्न सक्छौँ,' उज्वेकिस्तानमा रहँदा मुख्य प्रशिक्षक श्रेष्ठले एरिकासँग सोधेका थिए, 'उसले सहजै रूपमा खेल्न सक्ने जवाफ दिइन्।' उज्वेकिस्तानमै रहँदा एरिकालाई रावतमा प्रशिक्षणका लागि त्यहाँ रहेका प्रशिक्षकसँग छलफल भएको जानकारी श्रेष्ठले दिएका छन्। 'हामीले रावतमा रहेका चिनेका प्रशिक्षकहरूसँग छलफल गरेका थियौँ, उहाँहरूले एरिकालाई हेर्ने बताए,' उनले भने। विश्व करँते महासंघले आयोजना गर्ने प्रतियोगितामा अहिलेसम्मकै ठुलो पदक एरिकाले भित्र्याएको मुख्य प्रशिक्षक श्रेष्ठको भनाइ छ।

२०औँ वरीयतालाई हराउँदै पदक

करँते वान प्रिमियर लिगमा एरिकाले फ्रेन्च खेलाडी पिए क्लेमेन्सलाई ६-२ अन्तरले हराउँदै ऐतिहासिक कांस्य जितेकी हुन्। ६८ केजी तौल समूहमा विश्व वरीयतामा ५०औँ स्थानमा रहेकी एरिकाले २०औँ स्थानकी क्लेमेन्सलाई हराइन्। कांस्यपदकमा प्रतिस्पर्धा गर्नुअघिसम्म एरिकाले पाँच बाउट खेलिसकेकी थिइन्।

प्रिमियर लिग भएकाले यो प्रतियोगिताभन्दा फरक थियो। यसमा विश्वकका ३१ खेलाडी उत्कृष्ट खेलाडीबिच मात्र प्रतिस्पर्धा हुन्छ। एरिका पुल ६ को विजेताकी रूपमा नकआउट चरणमा प्रवेश गरेकी थिइन्। नकआउट चरणको पहिलो खेलमा उनले इजिप्टकी हैदी महघुबलाई ८-२ ले हराएर सेमिफाइनलमा स्थान बनाइन्। तर, फाइनल प्रवेश खेलमा उनले विश्व नम्बर १ खेलाडी मारिया टोरेस गार्सियाविरुद्ध प्रतिस्पर्धा गरिने। सुरुमा अग्रता लिएकी एरिकाले अन्तिमसम्म त्यसलाई कायम राख्न सकिनन्। एरिका र टोरेसबिचको खेल ५-५ को बराबरी भयो। तर, सेन्सुका आधारमा टोरेस विजयी हुँदा एरिकाले भने कांस्य पदकका लागि खेल्नुपर्ने भयो।

विश्व करँते महासंघले आयोजना गर्ने करँते वान प्रिमियर लिगमा एरिकाले कांस्य पदक जितेर इतिहास बनाइन्। उनले यस क्षणलाई करिअरकै ठुलो भएको बताइन्। 'यो मेरो करिअरकै ठुलो क्षण हो, अहिले यसलाई सुरुवातका रूपमा लिन चाहन्छु,' एरिकाले भनिन्, 'आउँदा दिनमा योभन्दा धेरै सफलता प्राप्त हुनेछ।'

सुनमाया र तिलकले जिते अन्नपूर्ण म्याराथन

कास्कीमा रोहितराज पराजुली

विश्व कीर्तिमान राखेकी अन्तर्राष्ट्रिय धाविका सुनमाया बुढा र नेपाली सेनाका तिलकबहादुर सुनुवारले पाँचौँ अन्नपूर्ण म्याराथन २०८२ को उपाधि जितेका छन्। सुनमाया महिलातर्फ र तिलक पुरुषतर्फ विजेता बनेका हुन्। ४२.१९५ किलोमिटरको म्याराथनको दूरी सुनमायाले पहिलोपटकको प्रयासमा चार घण्टा ४१ मिनेट २५ सेकेन्डमा र तिलकले दोस्रोपटक सहभागी जनाउँदै चार घण्टा २४ मिनेट चार सेकेन्डमा दौड पूरा गरेका थिए।

प्रतिस्पर्धाका लागि ८४ जना धावक अन्नपूर्ण आधार शिविर पुगेका थिए। तर, खराब मौसम र स्वास्थ्य समस्याका कारण ७० जना धावकले मात्र प्रतिस्पर्धा गरेका थिए। जसमध्ये मध्ये १४ जना महिला छन्। महिला तथा पुरुषका विजेताले जनही एक लाख ५० हजार रुपैयाँ पाएका छन्। उपविजेताले एक लाख र तेस्रोले ७५ हजार रुपैयाँ पाए। सुनमायाले एडभेन्चरमा रमाउन चाहनेहरूका लागि यो रुट पहिलो आकर्षणको रूपमा रहेको बताइन्।

बिसिनीलाई निराश बनाइन् सुनमायाले

सुनमायाले आफ्नै बहिनीलाई राममाया बुढालाई नौ मिनेटले पछि पार्न सफल भइन्। दोस्रो स्थानमा रहेकी राममायाले दौड चार घण्टा ५० मिनेट २४ सेकेन्डमा पूरा गरेकी थिइन्। पुरुषतर्फ चार घण्टा ३० मिनेट ४८ सेकेन्डका साथ सेनाका होमलाल श्रेष्ठ दोस्रो भए। स्थानीयतर्फ सचिन गुरुङले चार घण्टा २६ मिनेट तीन सेकेन्डमा दौड पूरा गर्दै पहिलो भएका थिए। चार हजार १३० मिटर उचाइमा रहेको अन्नपूर्ण आधारशिविरबाट सुरु म्याराथन एक हजार ९५५ मिटर उचाइमा रहेको घान्द्रुकमा आएर सम्पन्न भएको आयोजक समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिए।



■ ३७ वर्षपछि हङकङविरुद्ध खेल्दै नेपाल



काठमाडौं/ हङकङविरुद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलका लागि नेपाली राष्ट्रिय पुरुष टोली मंगलबार त्यसतर्फ प्रस्थान गरेको छ। नेपालले हङकङसँग अहिलेसम्म एक मात्र औपचारिक खेल खेलेको छ। नेपालले हङकङसँग ३७ वर्षपछि प्रतिस्पर्धा गर्न लागेको हो। यसअघि नेपालले सन् १९८८ मा खेलेको थियो। हङकङमा भएको सो खेल गोलरहित बराबरीमा सकिएको थियो। फिफा वरीयतामा हङकङ १५३औँ र नेपाल १७५औँ स्थानमा रहेको छ। हङकङसँगको मैत्रीपूर्ण खेलपछि नेपालले १० जुनमा एफसी एसियन कप छनोटअन्तर्गत लाओससँग खेल्नेछ। यसअघि छनोटको पहिलो खेलमा नेपाल मलेसियासँग २-० ले पराजित भएको थियो।

११औँ नेपाल एमेच्योर ओपन गल्फ

नेपालका सदभावलाई दुई स्ट्रोक अग्रता

नेपालका नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्यले दोस्रो स्थानमा रहेका वाङचेन ढोन्डुपमाथि चार स्ट्रोकको अग्रता लिए

नयाँ पत्रिका

११औँ नेपाल एमेच्योर ओपन गल्फ च्याम्पियनसिपको मंगलबार पहिलो दिन नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य ६ अन्डर ६६ को उत्कृष्ट स्कोरका साथ शीर्षस्थानमा रहेका छन्।

आचार्यले नेपालका वाङचेन ढोन्डुपलाई दुई स्ट्रोकले पछि पारेका छन्। वाङचेनले चार अन्डर ६८ को स्कोर गरेका छन्। नेपालका राहुल विश्वकर्मा, भारतका सुमित कोटवाल र बंगलादेशका मोहम्मद साहाब दुई अन्डर ७० को स्कोरसहित संयुक्त रूपमा तेस्रो स्थानमा छन्। इभन पार ७२ को स्कोरमा नेपालका प्रकृत तामाङ र श्रीलंकाका रेशन अलगामाले छैटौँ स्थान बाँडे। नेपालका टासी छिरिङ, भुटानका डेचेन लेन्डुप र निम दोर्जी तामाङ तथा भारतका भिभान उभयाकरले दुई ओभर ७४ को स्कोरमा संयुक्त रूपमा आठौँ स्थानमा पहिलो दिनको खेल सकाएका छन्।

सदभावले बोगीरहित फ्रन्ट नाइन खेल्दा तीन अन्डर ३३ स्कोर गरेका थिए। उनले पहिलो, सातौँ र आठौँ होलमा बर्डी प्रहार गरे। ब्याक नाइनमा सदभावले ११औँ, १२औँ, १४औँ र १८औँ होलमा बर्डी निकाली तीन अन्डर ३३ स्कोर गर्न सफल भए। वाङचेनले पहिलो, छैटौँ र नवौँ होलमा बर्डी हात पारी फ्रन्ट नाइन तीन अन्डर ३३ को स्कोर गरे। १५औँ होलमा बोगीको सामना गरेसँगै ब्याक नाइनमा उनी एक अन्डर ३५ स्कोरमा रोकिए।

महिलामा अनन्थी अगाडि

महिलातर्फ भारतकी अनन्थी विवेक एक अन्डर ७१ सहित शीर्षस्थानमा रहेकी छिन्। उनले नेपालकी तारा कार्की चित्रकारलाई नौ स्ट्रोकको फराकिलो अन्तरले पछि पारिन्। तारा आठ ओभरमा ८० खेलिन्। अभान्थीले फ्रन्ट नाइनमा तीन अन्डर ३३ र ब्याक नाइनमा दुई ओभर ३८ को स्कोर गरेकी थिइन्। उनले तेस्रो, पाँचौँ, सातौँ, आठौँ र नवौँ होलमा बर्डी प्रहार गरिन्। नेपालकी तारा ले पाँचौँ होलको बर्डीले फ्रन्ट नाइन एक अन्डर ३५ मा सकाइन्।

ब्याक नाइनमा उनले ६ होलमा बोगीको सामना गरिन्। यू-१६ मा रूबेन थापा ८० स्कोरसहित शीर्षस्थानमा छन्। पुरुषको टिम स्पर्धामा नेपाल 'ए' टिमका सदभाव आचार्य र राहुल विश्वकर्मा एक सय ३६ स्कोरका साथ पहिलो स्थानमा रहेका छन्। नेपाल 'बी' टिमका टासी छिरिङ र वाङचेन ढोन्डुप एक सय ४२ स्कोरसहित दोस्रो स्थानमा रहेको छ।

तीनदिने ५४ होलको प्रतिस्पर्धामा नेपालसहित दक्षिण एसियाका बंगलादेश, भुटान, श्रीलंका र भारतका गरी कुल पाँच राष्ट्रका ५७ खेलाडीको सहभागिता रहेको छ।

खेल संक्षेप

कीर्तिमानी धावक मानन्धर सम्मानित

काठमाडौं/ कीर्तिमानी धावक तथा ओलम्पियन वैकुण्ठ मानन्धर मंगलबार सम्मानित भएका छन्। नेपालको पहिलो साइकल पसल प्यांक बाइकले आफ्नो सय वर्ष पुगेको अवसरमा मानन्धरलाई सम्मानित गरेको हो। काठमाडौं महानगरपालिका उपप्रमुख सुनिता डंगोलले प्यांक एडिसन साइकल सार्वजनिकसमेत गरेकी छिन्। 'वैकुण्ठ मानन्धर २:१५:०३ लिमिटेड एडिसन नामक साइकल सार्वजनिक गरेका छौँ,' सञ्चालक तिरेक मानन्धरले भने।



ओलम्पियन मानन्धर एडिसन साइकलको सद्भावना दूत नियुक्त भएका छन्। अब, यो साइकल सय थान बिक्रीबाट उठेको फाइदा मानन्धरले पाउनेछन्। मानन्धरले सन् १९८७ को दक्षिण एसियाली खेलकुद (साग) को म्याराथन २ घण्टा १५ मिनेट ३ सेकेन्डमा पूरा गरेका थिए। ३८ वर्षपछि पनि यो कीर्तिमान दक्षिण एसियामा तोडिएको छैन। सन् १९२५ मा अष्टनारायण मानन्धरले असन कमलाक्षीमा पञ्चनारायण अष्टनारायण साइकल पसलको सुरुवात गरेका थिए। यसैबिच नयाँ पत्रिकाकर्मी रमेश सुवेदीलाई एक थान साइकलद्वारा सम्मान गरेको थियो। कार्यक्रममा उपस्थित पत्रकारबाट सुवेदी गोलाप्रथामा विजयी भएका हुन्।

मनास्लु र एनआइसी अन्तिम दुईमा

काठमाडौं/ मनास्लु र एनआइसी एकेडेमी तेस्रो वडाध्यक्ष कप छात्र अन्तरविद्यालय फुटबल प्रतियोगितामा मंगलबार फाइनलमा प्रवेश गरेका छन्। काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा चाबहिलमा भइरहेको प्रतियोगितामा मनास्लुले पशुपति 'बी'लाई १-० गोलले पराजित गऱ्यो। मनास्लुका कृष्ण कार्की 'म्यान अफ द म्याच' घोषित भए। अर्को सेमिफाइनलमा एनआइसीले किन्सलाई २-० गोलले हरायो। एनआइसीका सुनिश्चित सुवेदी 'म्यान अफ द म्याच' चुनिए।

कर्मचारी खेलकुद आजदेखि

काठमाडौं/ कर्मचारी खेलकुद प्रतिष्ठान नेपाल इसानको आयोजना १४औँ कर्मचारी खेलकुद प्रतियोगिता बुधबारदेखि हुने भएको छ। २८ जेठसम्म हुने प्रतियोगितामा फुटसल, ब्याडमिन्टन र टेबलटेनिस समावेश भएको आयोजकले जनाएको छ। प्रतियोगितामा नेपाल सरकारका पूर्ण तथा आंशिक स्वामित्वमा रहेका कर्मचारीहरूले प्रतिस्पर्धा गर्न पाउनेछन्। फुटबलसमा १९, ब्याडमिन्टनमा चार इभेन्ट्स रहेका छन्।

चौबिसे गाउँपालिकालाई उपाधि

धनकुटा/ चौबिसे गाउपालिकाले पाँचौँ सहिद रामकृष्ण श्रेष्ठ महिला फुटबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको मंगलबार भएको फाइनलमा पाख्रीवास नगरपालिकालाई २-० ले पराजित गर्दै चौबिसे गाउँपालिकाले ट्रफी हात पारेको हो। चौबिसे गाउँपालिकाले ६० हजार र उपविजेता पाख्रीवास नगरपालिकाले ३० हजार हजार रुपैयाँ पाए। चौबिसेको जितका लागि भूमिका मगर र सुशीला मगरले समान एक एक गोल गरे। चौबिसेकी भूमिका मगर उत्कृष्ट स्ट्राइकर, पाख्रीवासकी किम गुरुङ उत्कृष्ट मिडफिल्डर, चौबिसेकी समीक्षा घिमिरे उत्कृष्ट डिफेन्डर बनेका छन्। उपाधि विजेताका रूपनलाल चेम्जोङ उत्कृष्ट प्रशिक्षक र गोलरक्षकमा पाख्रीवासकी भावना मगर उत्कृष्ट भएका छन्।

श्रेष्ठ स्मृति प्रतिष्ठान धनकुटाको आयोजनामा १७ जेठदेखि भएको महिला फुटबलमा धनकुटाका पाँचवटा पालिकाले सहभागिता जनाएको आयोजकले जनाएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com